वर्ष : १४, अंक : ४१, काठमाडौं, २०७५ माघ १८ गते शुक्रबार 1 February 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## भारतीय नेता फर्नान्डेसको निधन



*जर्ज फर्नान्डेस*

काठमाडौं । नेपालको प्रजातान्त्रिक आन्दोलनमा सहयात्री रहेका भारतीय पूर्वरक्षामन्त्री जर्ज फर्नान्डेसको ८८ वर्षको उमेरमा नयाँदिल्लीमा निधन भएको छ । उनी लामो समयदेखि अल्जाइमरका विरामी थिए । उनले भारतका अन्य समाजवादी नेताहरूले नेपालको प्रजातान्त्रिक आन्दोलनमा भूमिका निर्वाह गरेका थिए । सोही कारण उनलाई नेपाली लोकतान्त्रिक आन्दोलनका सहयात्रीको उपमा दिइएको छ ।

बीपी कोइरालाका समाजवादी चेलाको रूपमा रहेका उनी नेपाली कांग्रेस निकट रहेर नेपालको प्रजातान्त्रिक आन्दोलनलाई सघाएका थिए ।

फर्नान्डेस नेपालको सच्चा मित्र रहेको काँग्रेस नेताहरु स्मरण गर्छन । २०४६ को जनआन्दोलनमा पनि उनले नेपाललाई साथ दिएका थिए । मेलमिलापको नीति लिएर बीपी नेपाल फर्केपछि भारतीय समाजवादी नेताहरूले बीपीलाई सहयोग गरेका थिए । काँग्रेसले नेपालमा सशस्त्र कारबाहीको गतिविधि गरिरहँदा उनी हतियार उपलब्ध गराउने जस्ता कार्यमा पनि सहयोगी बनेका थिए ।

# प्रदेश २ मा मुख्यमन्त्री स्वच्छता अभियान सुरु

## नारामै सीमित रहने कि प्रभावकारिता पनि देखाउने

**मधेशवाणी डेस्क**

काठमाडौं । गत मंसिरमा प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत झाडू बोकेर जनकपुर शहरको सफाइ गर्न जुटेका थिए । स्थानीय संघसंस्थाको सक्रियतामा जनकपुरमा सञ्चालन गरिएको 'जनकपुर महासफाई अभियान'का क्रममा राउत झाडू बोकेर जनकपुरको सफाइ गर्न पुगेका थिए । त्यस बेला उनी जनकचोकदेखि जानकी मन्दिरसम्म सरसफाइमा सहभागी भएका थिए ।

सरसफाइको क्रममा प्रतिक्रिया दिँदै मुख्यमन्त्री राउतले प्रदेशलाई स्वच्छ बनाउन नियमित सरसफाइमा ध्यान दिनुपर्ने बताएका थिए । उनले मठमन्दिरको छेउछाउ र सार्वजनिक स्थलमा जथाभावी फोहर फाल्नेलाई प्रचलित कानूनबमोजिम कारबाही गर्ने प्रक्रियामा जानुपर्ने समेत उल्लेख गरेका थिए । मुख्यमन्त्री राउतले सुरु गरेको जनकपुर सफाइ अभियान कहाँ पुग्यो र त्यसको अवस्था के छ कसैलाई वास्ता छैन । विगतको कार्यक्रमको समीक्षा नगरी हठात रुपमा त्यसै प्रकृतिको अभियान प्रदेश सरकारले वीरगञ्जबाट सुरु गरेको छ ।

'स्वच्छ मधेश समृद्ध प्रदेश' भन्ने मूल नारासहित मुख्यमन्त्री स्वच्छता अभियान माघ १५ गते वीरगञ्जबाट सुरु भएको छ । अभियानको मुख्यमन्त्री राउतले नै शुभारम्भ गरे ।



त्यस क्रममा मुख्यमन्त्री राउतले मानव विकास सूचांकमा सबैभन्दा पछि परेको प्रदेश २ लाई समृद्ध बनाउका लागि स्वच्छ मधेश हुन जरुरी रहेको र त्यसको लागि स्वच्छ जनशक्ति आवश्यकता रहेकाले यो अभियानको थालनी गरेको बताए ।

अभियानको शुभारम्भ पछि मुख्यमन्त्री राउतले आफैं वीरगन्जको घण्टाघर, माइस्थान, आदर्शनगर, विर्ताहुँदै छपकैयासम्मको सडकमा झाडूले बढाएर फोहोर सफा गरेका थिए ।

मुख्यमन्त्री स्वच्छता अभियान प्रदेश २ का आठवटै जिल्लाका सबै स्थानीय तहमा सञ्चालन गरिने अभियानका प्रदेश संयोजक सलाउदीन अहमदले बताए ।

यो अभियानका लागि प्रदेश सरकारले २० करोड रुपैयाँ विनियोजन गरेको छ । अभियानका क्रममा प्रदेश २ का आठवटै जिल्लामा दुई दुईवटा सार्वजनिक शौचालय निर्माण गरिने छ भने अभियानअन्तर्गत नै प्रदेशमा रहेका मठमन्दिर र सार्वजनिक पोखरीको सरसफाइ र सौन्दर्यकरण पनि गरिनेछ ।

आफू नजिकको बस्ती सरसफाइ गर्नु रामो बानी हो । यसले स्वच्छ पर्यावरण र आदर्श जीवन शैलीलाई प्रोत्साहन गर्छ । यद्यपी मुख्यमन्त्रीबाट सुरु गरिएको यो अभियान मात्र उनको दायित्व भित्र पर्दैन । यो सम्पूर्ण प्रदेशबासीको साझा जिम्मेवारी हो । हामी सबैको स्वस्थ जीवनका लागि यो अभियानमा सम्पूर्ण रुपमा सहभागी हुनुपर्छ ।

स्वस्थ जीवनका लागि सरसफाइको महत्वपूर्ण स्थान हुन्छ । सरसफाइ भन्नाले व्यक्तिगतदेखि लिएर सामूहिक, समाजिक, आन्तरिक र बाह्य वातावरणको सरसफाइसमेत बुझाउँछ । एउटा व्यक्ति व्यक्तिगतरूपमा जतिसुकै सरसफाइमा रहे तापनि यदि सामूहिक, सामाजिक, आन्तरिक र उसको बाह्य वातावरणको सरसफाइ राम्रो र उपयुक्त भएन भने त्यो व्यक्तिगत सरसफाइले मात्र केही तात्विक महत्व राख्दैन ।

**अभियान किन ?**

प्रदेश २ सरकारले सुरु गरेको सफाइ अभियान स्वागतयोग्य छ । तर यसले निरन्तरता पाउने हो कि होइन भन्ने शंका पनि छ । जनकपुरका सुरु गरिएको अभियान अलपत्र परेको छ भने वीरगञ्जबाट थालनी भएको अभियान पनि अलपत्र पर्ने हो कि भन्ने संशय पनि छ ।

यस सन्दर्भमा मुख्यमन्त्री अहिले सफाइ अभियानमा जुटेका छन् । काम नै गरेन भन्नेहरुलाई चुनौती दिँदै उनले वीरगञ्ज गएर प्रदेशलाई सफा बनाउने आफै खटिएका हुन ।

आफै कुचो लिएर अगाडि आएका राउतले जनकपुरलाई सफा त गर्न सकेन । तर अब उनले लक्षित गरेको सम्पूर्ण प्रदेशलाई कसरी सफा राख्ने आगामी दिनमै थाहा हुनेछ । प्रदेशको निर्वाचन सम्पन्न भएर पदबहाली गर्न नपाउँदै मुख्यमन्त्रीले काम नै गरेन भन्ने चर्चा चल्न थालेपछि उनले मुख्यमन्त्री स्वच्छता अभियानमा जुटे । सञ्चार माध्यमले पनि राम्रै सहयोग र प्रचार गरे । सामाजिक अभियानहरु सञ्चालन गर्दा निकै ठूला चुनौतीहरु छन् तर सामूहिक कार्यका लागि सबैले एउटै स्वर बनाएर अभियान थाल्ने हो भने कुनै पनि अभियानहरु असम्भव हुँदैन ।

प्रदेश २ का अधिकांश गाउँलाई खुल्ला दिसामुक्त ताम झामका साथ घोषणा गरियो । त्यो घोषणाले केही दिन त चर्चा कमायो तर त्यो चर्चाले सार्थकता भने अहिले सम्म पाएको छैन । अहिले पनि बिभिन्न गाउँमा अनुगमनमा जाने हो भने शौचालय निर्माण भएका छैनन । निर्माण भएका शौचालय प्रयोग भएका छैनन । प्राय: जसो पानीको अभावका कारण शौचालय प्रयोग नभएको बताइन्छ ।

वास्तवमा खुल्ला दिशामुक्त घोषणा गरिँदा अहिले पनि सार्वजनिक शौचालयको व्यवस्था छैन । कागजमा निर्माण पूरा भयो होला तर प्रयोगमा कुनै पनि सौचालय आउन सकेका छैनन् ।

कुनै पनि अभियानहरु आफैमा नराम्रा हुँदैनन् तर त्यस्ता अभियानहरु सञ्चालनका लागि स्थानीय जनतादेखि सरकारी ओहदासम्मका व्यक्तिहरुले देखाउनुपर्ने चासो र चिन्ता सँगै हुनु पर्छ । सरसफाइसँग सम्बन्धित सबै गैर सरकारी संघ संस्थाहरुले यसबारे थप चासो र चिन्ता देखाउँदै अभियानलाई सार्थकतामा पुऱ्याउन हातेमालो गर्नुपर्ने जरुरी देखिएको छ ।

## प्रदेश सरकारको भवन जचुकालीमै : निधि



गौशाला । नेपाली कांग्रेसका उपसभापति एवं पूर्वगृहमन्त्री विमलेन्द्र निधिले प्रदेश नं २ को राजधानी जनकपुर र प्रदेश सरकारको भवन जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि) मै रहने बताएका छन् ।

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरस्थित काङ्गेस पार्टी कार्यालयमा पत्रकार सम्मेलनमा नेका नेता निधिले जचुकालिको भवन प्रदेश सरकारका लागि उपयुक्त रहेकाले प्रदेश नं २ को राजधानी जनकपुर नै रहने ठोकुवा गरे । उनले प्रदेश प्रमुखको कार्यालय र आवास, मुख्यमन्त्रीको कार्यालय र आवास, विभिन्न मन्त्रालय र मन्त्रीको आवास, सभा सम्मेलन गर्ने स्थानलगायतका पर्याप्त भौतिक संरचना रहेको जचुकालिको भवनले प्रदेश सरकारको कार्य सञ्चालनमा सहजता हुने तर्क गरे । साथै उनले प्रदेश नं २ को नाम मिथिला भोजपुरा राख्ने र पहिलो भाषा मैथिली तथा दोस्रो भाषा भोजपुरी राख्न पनि सुझाव दिए ।

## जचुकालीको बोर्ड हटाउन प्रदेश मन्त्रीको चेतावनी



जनकपुरधाम । जनकपुर चुरोट कारखाना लिमिटेडको सम्पत्ति बिक्री गर्ने खेलमा संघीय सरकार लागेको प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवले दावी गरेका छन् । चुरोट कारखाना निजि लगानीकर्तालाई लिजमा दिने दाउमा लागेको मन्त्री यादवको आरोप छ ।

संघीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले प्रदेश २ सरकारले कारखानाको संरचना र जग्गा कब्जा गरेर बसेको भन्दै मुख्यमन्त्री लालबाबु राउतको आलोचना गरेका थिए । मन्त्री यादवले भने, 'हिम्मत छ भने प्रदेश सरकारको बोर्ड हटाएर देखाउनुहोस् । हामीसँग प्रदेश २ का जनता छन् ।' चुरोट कारखाना सञ्चालन भएको स्थानमा अब पुन: चलाउन नमिल्ने उनले जनाए ।

समय-सन्दर्भ

सन्तोष मेहता



## मधेश आन्दोलनको १२ वर्षे यात्रा र यसको भूमिका

### संविधान संशोधनको हरेक बुँदामा देशघात देख्ने ओलीले उपेन्द्रको संविधान संशोधनको सहमतिलाई कसरी कार्यान्वयन गर्लान् ?

भनिन्छ समाज सधै परिवर्तनशील हुन्छ, त्यो स्थिर रहन सक्दैन । यो भनाई मान्ने हो भने समाज सधै संक्रमणकालीन अवस्थाबाट गुर्जिरहेको हुन्छ तर राज्य नै संस्थागत रुपमा ठूल्ठूला परिवर्तनका नेतृत्व विरलै गरेका हुन्छ । यति बेला हामी नेपालका जनता सबै भन्दा बदलिँदो समाजमा बाँचिरहेका छौ । विक्रम सम्वतको साठीको दशकबाट नेपाली समाजको परिवर्तनका परिवर्तनयहरु हामीले महसुस गर्न थालेका हौ । हामीले यो अवधीमा नेपाली समाजको परिवर्तनका उत्कर्षहरु अनुभूति गरेको, भोगेको अझ भनौ यी सबै परिवर्तनका सम्वाहक समेत भएका छौ । हजारौ बर्ष लामो इतिहास भएको सामन्ती राजतन्त्रको अन्त्य, धर्मलाई राज्यको साइनोबाट अलग, निर्वाचन प्रणालीलाई परिवर्तन, राज्यको समावेशी चरित्रको स्वीकारोक्ति, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि सत्तरीको दशकमा आएर हामी यही परिवर्तनलाई संस्थागत गर्ने प्रयासमा लागि परेका छौ । नेपाली समाजमा इतिहास देखिकै नेपाल निर्माण भए देखि यता सबै भन्दा गतिवान र संघन परिवर्तन भइरहेको छ र यो दर अझ बढ्दो क्रममा छ । आउने दशकमा हामीले देखेका भोगेका परिवर्तनका स्पटहरु संस्थागत हुनुको साथै आर्थिक, राजनीतिक, सांस्कृतिक, सामाजिक र मनोवैज्ञानिक परिवर्तन अझ गतिवान र सघन बन्नेछन् ।

वास्तबमा हामीले महसुस गरेको परिवर्तन वा परिवर्तन हुनै लाग्दा रोकिन गएका सवालहरु आदि विगतको दशकमा भएको माओवादी जनयुद्ध र मधेशले गरेको संघर्षकै परिणाम हो । पहिलो चोटी ०४८ सालपछि संगठित रुपमा शुरुवात भएको मधेश राजनीति र ०५१ पछि प्रारम्भ भएको जनयुद्धका नेतृत्वकर्ताहरु एव संगठनको प्रारम्भिक सोच र वर्तमान हविगतको विश्लेषण गर्ने हो भने आगामी दिनमा हुने अझ र्‍याडिकल परिवर्तनका बेला हामी नेपाली अझ बढी सचेत, अझ बढी क्रियाशील तथा सृजनशील हुन सक्छौ, नत्र परिवर्तनका पहल आफ्नो गतिको पटरी हामीले अनुभव गरेको भन्दा बेग्लै पटरीमा बढ्न सक्छ वा उल्टो गति लिन सक्छ हाम्रा सपनाहरु तुहिन सक्छन, मासिन सक्छन् ।

काँग्रेसबाट अलग भई २०४० सालमा सद्भावना परिषद् गठन गरी मधेशको अधिकारका लागि अगाडि बढ्नुभएका गजेन्द्र नारायण सिंहले २०४६ सालमा नेपाल सद्भावना पार्टी स्थापना गर्नुभएको थियो । ०४८ पछि निरन्तर रुपमा मधेशी जनजाती दलित लगायत सिमान्तकृत समुदायलाई मुलधारमा ल्याउनको निम्ति निरन्तर पार्टी संघर्ष एव निर्वाचनमा सहभागी भइरहयो । सद्भावना पार्टीको लामो इतिहासले थुप्रै नेताहरु जन्माए, मधेशमा राजनीतिक जागरण नै ल्यायो, ठिक १२ वर्ष पहिले फोरमको नेतृत्वमा मधेश आन्दोलन प्रारम्भ हुँदा राजेन्द्र महतोले भन्नु भएको थियो-'बारुद हम ने जम्मा किया मचिस

बाँकी पृष्ठ २ मा





## सम्पादकीय



# मधेशका शहीद

देश र जनताको अधिकारका लागि जीवन आहुति दिने शहीदहरुको सम्झनामा माघ १६ गते देशभर विविध कार्यक्रम गरी शहीद दिवस मनाएको छ ।

यही क्रममा माघ १० देखि १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ शहीद सप्ताह मनाउने परपम्परा छ । राणा शासन विरूद्ध लडेका शहीदहरूको सम्झनामा शहीद दिवस मनाउन थालिएको हो । प्रत्येक वर्षको माघ १६ गतेलाई देशको परिवर्तनमा आफ्नो ज्यान गुमाएका वीर शहीदहरुको सम्झनामा शहीद दिवस मनाउने गरिन्छ । विक्रम सम्वत १९९७ सालमा तत्कालीन राणा शासकहरुले नागरिक स्वतन्त्रताको माग गरेको भन्दै स्वतन्त्रता आन्दोलनका अगुवाहरुलाई मृत्युदण्ड दिएको थियो ।

देश र जनताको हित र अधिकारका लागि जीवन त्याग गर्नेहरु नै वास्तविक शहीद हुन । नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन जहानिया राणा शासन, निरङ्कुश पञ्चायती व्यवस्था तथा तानाशाही राजतन्त्रविरुद्ध प्रजातान्त्रिक क्रान्ति एवम् लोकतान्त्रिक जनआन्दोलनहरूमा आफ्नो जीवनको आहुती गरेका वीर सपूतहरू नै देशका सच्चा नाकय हुन ।

राष्ट्रियस्तरमा माघ १६ गते शहीद दिवस मनाइ रहँदा त्यसको ठिक १० दिन अखघि मधेशले बलिदानी दिवस मनाएको छ जसमा मधेश आन्दोलनका क्रममा शहादत भएकाहरुको स्मरण गरिएको छ । २०६३ साल माघ ५ गते लहानमा रमेश महतोको हत्या गरिएको दिनलाई बलिदानी दिवसका रूपमा सम्पूर्ण मधेशमा मनाइने गरिन्छ । नेपालमा राजनीतिक र नागरिक अधिकारका दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको मधेश आन्दोलन पहिलो, दोस्रो र तेस्रो हुँदै आजपर्यन्त कुनै न कुनै रूपमा जारी छ भन्दा अस्वाभाविक हुने छैन ।

**दुर्गानन्द झा, कामेश्वर-कुशेश्वर, डा. एलएन झा, शाकेतचन्द्र मिश्रजस्ता अनेकौं मधेशपुत्रले आन्दोलनको यस क्रमलाई निरन्तरता प्रदान गर्दै शहादत प्रदान गरेको कुरा कसैबाट लुकेको छैन ।**

राष्ट्र निर्माणका खातिर वा मधेशको अधिकारको रक्षाका लागि उनीहरू अहिले भौतिक रूपमा नरहे पनि उजीहरूका विचार र दर्शन अहिले पनि मार्ग निर्देश गरिरहेको छ । तर एउटा महत्वपूर्ण प्रश्न अहिले पनि तेर्सिएको छ-जो जसले भावी पुस्ताको कल्याणका लागि आफ्नो जीवनको आहुति दिए, उनीहरूका प्रति हाम्रो कर्तव्य के हो र कस्तो हुनुपर्छ ? खासगरी मधेश आन्दोलन, संविधान निर्माण र कार्यान्वयन, संघीयताको स्थापना आदिका सन्दर्भमा मधेशको भूमिमा शहादत प्रदान गरेकाहरूको स्मरण र मूल्याङ्कन अपरिहार्य छ । यसै सन्दर्भमा मधेशमा मधेश केन्द्रित दलको सरकार बन्नु र मधेशमा पछिल्लो समयमा राजनीतिक समीकरणमा नयाँ ढङ्गले परिवर्तनको सङ्केत देखिएको विद्यमान अवस्थामा शहीदको सपना बारे कुरा गर्नु अर्घेल्याइँ हुँदैन ।

वास्तवमा अचेल शहीद शब्दको अवमूल्यन भइरहेको छ । शहीदका योगदानको उचित मूल्याङ्कन गर्न सकिएको छैन र यी सबैका लागि हामी सबै कुनै न कुनै रूपमा जिम्मेवार छौं । तर मधेशका सन्दर्भ भन्ने हो भने शहीदको बलमा सत्तासीन भएकाहरू सर्वाधिक जिम्मेवार छन् ।

मधेशको सत्ता अझै पनि नयाँ कलेवरमा देखिएका राजनीतिका पुरानै खेलाडीको कब्जामा छ । तिनका लागि सत्ता, शक्ति तथा पैसा नै महत्वपूर्ण थिए र अझै छ । वर्तमानमा मधेशमा देखिएको राजनीतिक विकृतिलाई यसै रूपमा लिन सकिन्छ ।

मधेश र मधेशीको अधिकार तथा पहिचानका लागि मधेशमा सङ्घर्षको पुरानो परम्परा छ । २०६३ र ०६४ को मधेश आन्दोलनलाई यस सङ्घर्षको उत्कर्ष मान्न सकिन्छ । नेपालको राजनीतिक इतिहासको सन्दर्भमा मधेशको योगदानको चर्चा नगर्ने हो भने इतिहासले पूर्णता प्राप्त गर्न नसक्ने निश्चित छ । धेरै मधेशपुत्रले अधिकार, पहिचान र स्वतन्त्रताको आन्दोलनमा योगदान दिँदै जीवन अर्पण गरेको इतिहास साक्षी छ ।

दुर्गानन्द झा, कामेश्वर-कुशेश्वर, डा. एलएन झा, शाकेतचन्द्र मिश्रजस्ता अनेकौं मधेशपुत्रले आन्दोलनको यस क्रमलाई निरन्तरता प्रदान गर्दै शहादत प्रदान गरेको कुरा कसैबाट लुकेको छैन । निश्चित रूपमा यी सबै महामनाले मधेशका जनतालाई वास्तविक रूपमा अधिकार सम्पन्न बनाउनका लागि विविध विचार र नेतृत्वको आन्दोलनमा सहभागी भई आफूहरूलाई समाहित गरेको कुरामा असहमति हुन सक्दैन । मधेशका शहीदको सपना थियो,, मधेशीलाई वैधानिक रूपमा समानता, सहभागिता र अधिकार प्राप्त होस् । आज त्यही सपना साकार गर्ने अभिभारा वर्तमान पुस्तामाथि छ ।

शहीदको योगदानका आधारमा मधेशी नेताहरू सत्ताको सुख भोगिरहेका छन् तर शहीद र शहीद परिवारलाई राज्यबाट प्रदान गरिने सम्मान दिने कुरामा कञ्जुस्याइ भइरहेको छ । त्यसो त पछिल्ला दिनमा प्रदेश २ को सरकारले एक शहीद परिवार एक रोजगार कार्यक्रम लागू गरेको सार्वजनिक भएको छ । वास्तवमा यो कार्य प्रशंसनीय छ तर त्यस्तो रोजगारी कति स्थायी र फलदायी हुने छ भन्ने कुरा विचारणीय छ ।

## सताको सात बात



म आफू पनि भ्रष्टचार गर्दिनँ, अरुले गरेको पनि सहन्नँ, गरेको पाइएमा कसैको अनुहार हेर्दिनँ । सरकारले कसैसँग प्रतिरोध गर्न भ्रष्टचार अन्त्य गर्ने कुरा गरेको होइन, देशलाई स्वच्छ र पारदर्शी बनाउनका लागि हो । **केपी शर्मा ओली, प्रधानमन्त्री**



राजनीतिक तथा संवैधानिक व्यवस्था भयो तर कानुनी र संरचनागत व्यवस्था त्यस अनुरुप हुन नसक्दा समस्या भएको छ, यी संरचनालाई पनि परिवर्तन गराउने कुरामा ढिलो नगरी सरकार लागेको छ । **ईश्वर पोखरेल, उपप्रधान तथा रक्षमन्त्री**



प्रविधिमा नयाँ आविष्कारले उपभोक्ताको विलासिता बढाउँदा ठूलो धनराशि मुलुक बाहिर गइरहेको छ । यसलाई सस्तो, सुलभ, पहुँच र अपरिहार्य बनाउनुपर्छ । सूचना प्रविधि व्यक्ति र संस्थामा केन्द्रित होइन, हरेक जनताको घरघरमा पुगोस्,जसले उनीहरुको दैनिक जीवनमा सहजता ल्याओस् । **गोकुलप्रसाद बाँस्कोटा, सञ्चार तथा सूचना प्रविधिमन्त्री**



प्रदेश २ को राजधानी जनकपुर नै हुनेछ । प्रदेश प्रमुखको कार्यालय र आवास, मुख्यमन्त्रीको कार्यालय र आवास विभिन्न मन्त्रालय तथा सभा सम्मेलन गर्ने स्थान लगायत पर्याप्त भौतिक संरचना रहेको जनकपुर चुरोट कारखानाको भवनले प्रदेश सरकारको कार्य सञ्चालनमा सहजता हुनेछ । **विमलेन्द्र निधी ,उपसभापति, नेपाली कांग्रेस**



काँग्रेस जिम्मेवार प्रतिपक्षि दल हो भने संसद् बैठक सञ्चालन गर्ने वातावरण निर्माण गर्नमा लाग्नुपर्छ, माग सम्बोधन हुँदा पनि बैठक अवरुद्ध गर्ने हो भने त्यो गलत हुन्छ । काँग्रेसले संसदीय व्यवस्थालाई नै धरासायी पार्न खोजिरहेको छ कि ? **योगेश भट्टराई, नेता, नेपाल कम्युनिस्ट पार्टी**



संघीय सरकारले ल्याएको प्रहरीसम्बन्धी विल र आन्तरिक सुरक्षासम्बन्धी विधेयक संविधान र संघीयताविरोधी छ, यसलाई तत्काल फिर्ता गर्नुपर्छ । यो विधेयक फिर्ता गरिएन भने प्रदेश सरकार यसको लागि सडकमा पनि संघर्ष गर्छ । **लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**



म अहिले राजपाबाट निर्वाचित सांसद भएपनि सबैका लागि सामान दृष्टिकोणबाट विकास कार्यमा सहयोग गर्ने प्रतिवद्धत छुँ । मैले विकासका लागि धेरै थोक गर्न चाहेपनि आफुले पाउँदै आएको संसदीय बजेट अपुग भएकाले सबै ठाउँको विकास गर्न सोचे अनुरुप विकास गर्न सकेकी छैन । **रानीशर्मा तिवारी, प्रदेश सांसद, राष्ट्रिय जनता पार्टी**

# हाम्रो संस्कृति र कृषि-३



**सीके लाल**

***मल र खादको नाममा अहिले रासायनिक मलको कुरा मात्र हुन लागेको छ। मल-खाद भनेको मात्र रासायनिक मल होइन। जुनबेला हाम्रो घरमा दाउराको प्रयोग गरे र खाना पाक्दथ्यो त्यतिबेला खरानी खेतमा फालिन्थ्यो। खेतमा खरानी फाल्दा पेस्टिसाइटको आवश्यक्ता पर्दैन्थ्यो।***

कृषकको तेस्रो आवश्यक्ताको कुरा गरौं । हामीमध्ये कति जना खेतीसँग सम्बन्ध राखेका छौं भन्ने जानकारी मलाई छैन् । तर यति कुरा सबैलाई थाहा छ कि मल र खाद कृषिका लागि ज्यादै महत्वपूर्ण चीज हो । मल र खादको नाममा अहिले रासायनिक मलको कुरा मात्र हुन लागेको छ । मल-खाद भनेको मात्र रासायनिक मल होइन । जुनबेला हाम्रो घरमा दाउराको प्रयोग गरे रखाना पाक्दथ्यो त्यतिबेला खरानी खेतमा फालिन्थ्यो । खेतमा खरानी फाल्दा पेस्टिसाइटको आवश्यक्ता पर्दैन्थ्यो । खरानी आफैमा कीरा मार्ने एक प्रभावकारी औषधि हो । रेडियोमा स्वास्थ्यसम्बन्धी प्रचार गर्नेहरूले भन्छन् कि साबुन-पानीले हात धुने बानी बसालौं र यो सम्भव छैन् भने कम्तीमा खरानीले भए पनि हात धुने गरौं, तर माटोले हात नधोउँ । किनभने माटोमा केही जीवाणुहरू विद्यमान रहन्छन् । जबकी खरानीमा जीवाणु रहँदैन् । अब गाउँ घरमा पनि ग्यासमै खाना पकाउने गरिन्छ । विकास हुनु पऱ्यो । कसलाई सुविधा चाहिएन ? कसलाई भन्ने हो कि ग्यास प्रयोग नगर्नूस् ? सबैलाई सुविधा चाहिन्छ । कसैलाई भन्ने हो कि मट्टीतेल प्रयोग गर्नूस्, त्यो सम्भव पनि छैन् ।

कारण दाउरा पनि महँगो भइसकेको छ । जब खरानी नै उपलब्ध छैन् भन्ने खरानी जस्तो वा त्यसभन्दा केही कम महँगोमा त्यसको सट्टा कीरा मार्ने अर्को कुनै औषधी हुनसक्छ जसमा कम खर्च होला र बिना ऋृण उपलब्ध गराउन सकोस् । यस्तो औषधीको खोजी गर्नु जरूरी छ । यसका लागि कतिपयले नीमको पात, बकाइनको पात, झौआको पातको कुरा गर्छन् । तर समस्या यो छ कि कुनै ग्लामोरियस क्षेत्र छैन् । यस कारण अध्ययन-अनुसन्धान हुन सकिरहेको छैन् । नीम पैटेण्ट हुन सक्छ भन्ने निवेदन अमेरिकाबाट आयो, तर यसका बारेमा नेपाल र भारतबाट कुनै चर्चा उठेको छैन् । पुदिनाको पातको लागि चीनले पैटेण्टका लागि निवेदन हाल्यो तर नेपाल र भारतमा फुरेन कि पुदिना पनि कामको वस्तु हो भनेर । हामीतिर सामान्य जीवनको वस्तुमा त्यति धेरै ग्ल्यामर नरहेको भन्ने देखिन थालेको छ । पोखराका दुई विद्यार्थीले गाडी चलाएको विषयमा लगानी भइरहेको छ नेपालमा । जुन कुनै आश्चर्यको कुरा होइन । किनभने दुई सयवर्ष अघिदेखि नै गाडी चल्दै आइरहेको छ । गाडी नै चलाउनु छ भने सौर्य ब्याट्रीबाट चलाइओस् र त्यसमा अनुसन्धान गरोस् । उही तेल हाल्नु पर्ने र उही मेसिन रह्यो भने हेलिकप्टर नै उडायो भने कुन ठूलो कुरा भयो र ? अमेरिकासँग प्रतिस्पर्धा गरेर अमेरिकाभन्दा सस्तो हेलिकप्टर दुनियामा अहिले कसैले बनाउन सकेको छैन् । किनभने अमेरिकासँग दुई सय वर्षेको अनुभव छ । यदि हामीले हेलिकप्टरको विषयमा अनुसन्धान गऱ्यौं भने अगाडि बढ्न सक्दैनौ । हामीहरू त्यति मात्र अगाडि जान सक्छौं जहाँ तुलनात्मक फाइदाको क्षेत्र छ । त्यो क्षेत्र दुर्भाग्यवश ग्ल्यामरस होइन् । त्यसैले झौआको बारेमा चर्चासम्म छैन् कतै । नीमको बारेमा केही चर्चा यसकारणले भयो कि नीमको पैटेण्ट गर्ने प्रयास अमेरिकी वैज्ञानिकले गरेका थिए । बकाइन पेस्टिसाइट हुन सक्छ भन्ने चर्चा हामी सुन्न सम्दैनौ । किनभने कुनै अमेरिकीले त्यसलाई पैटेण्टका लागि दरखास्त गरेको छैन् । झौआका लागि कुनै अमेरिकी या चिनियाँले निवेदन नदिएको कुरा मैथिलहरूले आफै बुझ्ने छैनन् र यो हराउँदै पनि गइरहेको छ । परम्परागत मल-खादमा अनुसन्धानको प्रयास हुने पर्ने हो तर भइरहेको छैन् ।

स्वीडेनको एक विश्वविद्यालयमा अहिले एउटा अनुसन्धान भइरहेको छ । कम्बोड प्रयोग गर्दा दिसा र पिसाब एउटै ठाउँमा जम्मा हुन्छ, जसबाट पिसाबको नाइट्रोजनको असर कम हुन्छ । ती दिसा र पिसाबलाई समुद्रमा पठाउँदा ती नाइट्रोजन सबै समुद्रमा मिल्न जान्छ । अहिलेसम्मको ज्ञानमा कृषिका लागि अमृत कसलाई भन्ने जसमा अलिकति भएपनि मल उपलब्ध होस, त्यो पिसाब हो । पिसाबमा नाइट्रोजन रहन्छ जसको कुनै अर्को स्रोत छैन् । वा प्रकृतिमा पहाड फोड्दा मात्र ठोस नाइट्रोजन उपलब्ध हुन्छ । अर्को भनेको हावामा भएको नाइट्रोजन हो, जसको प्रयोगले जति बढी फाइदा हुन्छ त्यति बढी निकाल्नमा खर्च पनि छ । त्यसैले जनावर मनुष्य समेतले पिसाब निकाल्दछ, जुन नाइट्रोजनको ठूलो स्रोत हो ।

यसैगरी, फस्फोरसलाई असाध्यै महगो मलको रूपमा मानिन्छ । त्यो पनि पिसाबमा पाइन्छ । माइक्रोन्यूट्रिएन्स पनि पिसाबमा पाइन्छ । त्यसैले स्वीडेनमा यसप्रकारको अनुसन्धान गरिएको छ कि कम्बोड बनाउँदा पिसाब र दिसा अलग हुन सकोस् । दिसा सिवरमा जान्छ र पेसाब स्टोरेज ट्याङीमा जम्मा हुन्छ । पिसाबले एउटा गाउँको सा-सानो कृषि उत्पादनमा आत्मनिर्भर बनाउन सक्ने क्षमता राख्दछ । यो काम पनि स्वीडेनमा सुरु भएको हो भने नेपाली वैज्ञानिकहरूले यसलाई परम्परागत बुझेका छन् । किनभने मलाई सम्झना छ कि गोठमा पहिला पराल छरिन्थ्यो । कारण, गाई-गोको पिसाबबाट पराल भिज्दथ्यो र त्यसलाई एउटा खाल्टोमा गाडिन्थ्यो । त्यसपछि त्यो परालालाई खेतमा फालिन्थ्यो । जुन मलको काम गर्दथ्यो । कम्बोडमा पिसाबलाई अलग गर्नु कठिन काम हो । तर हाम्रो तिर जुन प्रकारको शौचालय छ, त्यसमा पिसाबलाई छुट्ट्याउन धेरै अनुसन्धानको आवश्यक्ता पनि छैन् । कम्बोडको डिजाइनलाई मैले हेर्दा मलाई त धेरै कठिन लागिरहेको छ । पुरूषबला पिसाबमा केही सजिलो छ तर महिलाबला पिसाबमा भने धेरै नै कठिन छ कि त्यसलाई चालू गरेर पिसाब गरौं कि पिसाब गरिसके पछि बन्द गरौं । तर हाम्रो तिरको प्यानमा कुनै समस्या छन् । एउटा होल र एउटा फ्रण्ट बनाएपछि त्यो समस्या पनि समाधान हुन्छ । तर यति भए पनि नाइट्रोजनको प्रयोग गर्ने प्रयास हामीले गरेका छैनौं । गान्धीजीको राम्रो तरिका थियो कि एक लोटा पानी र एउटा खुर्पी लिएर खेतमा जाऊ, खाल्टो खन्, दिसा गर् र त्यसलाई पुरी देउ । ***समाप्त***

## *मधेश आन्दोलनको १२ ...*

उपेन्द्र ने लगादिया ।' यसको अर्थ पनि मधेशमा सद्भावनाले ल्याएको जाँगरणसँग सम्बन्धित नै हो । गजेन्द्र नारायण सिंहको निधन २०५८ माघ १० गते भएको थियो । त्यसपश्चात सद्भावना पार्टी विभिन्न चिराबाट अगाडी बढयो, अस्तित्वमा रहेको तिनवटै सद्भावनाका चिरा राष्ट्रिय जनता पार्टी नेपालमा समाहित हुन् पुग्यो ।

माओवादीको खुल्ला वैचारिक शुभेक्षुक संस्थाको रुपमा मधेसी जनअधिकार फोरमको जन्म गैरसरकारी संस्थाका रुपमा २०५४ सालमा उपेन्द्र यादवको नेत्तृत्वमा विराटनगरमा भएको हो । मंसीर २०६३ मा तत्कालीन सद्भावना पार्टीले आन्दोलनको थालनी गरेको मात्र के थियो, नेपालगञ्ज घटना हुन पुग्यो । संसदमा हंगामा भयो, तर अन्तरिम संविधान ल्याउने सवालमा अन्तर्राष्ट्रिय दबाबका कारण मधेशकेन्द्रित दल सद्भावना पार्टीले आलोचना गर्दागर्दै पनि अन्तरिम संविधानमा सहमति जनाए । त्यही संविधानलाई जलाएर मधेशमा नै कम चिनिएका उपेन्द्रले रातारात राष्ट्रिय र अन्तर्राष्ट्रिय चर्चा बटुले । २०६३ साल माघ २ गतेवाट मधेश आन्दोलनको शुरुवात भयो । पहिलो चरणको आन्दोलन २२ बुँदे सहमति गरि टुंगियो । जुन २२ बुँदा पछि आन्दोलनसँग धोखा भएको भनि आलोचना पनि भए पछि सद्भावना पार्टी, तराई मधेश लोकतान्त्रिक पार्टी र मधेशी जनाधिकार फोरम नेपाल सम्मिलित संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको ब्यानरमा व्यापक आन्दोलन एव बिद्रोह भयो । आन्दोलनले उठाएका ८ वटा माग मध्ये मधेश स्वायत्व राज्यको मागसहित तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारसँग ०६४ साल फागुन १६ गते ८ बुँदे सहमति भयो । मधेश आन्दोलनको मुख्य उपलब्धि भनेकै अन्तरिम संविधानमा संघीयता भन्ने शब्दले प्रवेश पाउनु थियो । पछि मधेशी जनाधिकार फोरम नेपालबाट मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक) पार्टी बन्यो । यो पार्टी पुनः टुक्रिदै मधेशी जन अधिकार फोरम, नेपाल (गणतान्त्रिक) र राष्ट्रिय मधेश समाजवादी पार्टी बन्यो । फोरमबाट टुक्रिएको फोरम (गणतान्त्रिक) र राष्ट्रिय मधेश समाजवादी पार्टी राजपा नेपालमा समाहित भयो । भनिन्छ नि १२ वर्षमा बगेको खोला पुन फर्किन्छ । त्यस्तै आज फोरमको मूलधारको रुपमा रहेको संघीय समाजवादी फोरम आफुमा रहेको मधेशपनको लिपपोत र कम्युनिस्टकारण गर्नमा व्यस्त छन् भने कांग्रेसबाट आएका विजय गच्छदारहरु कांग्रेसमै फर्किसकेका छन् ।

नेपालको संविधान २०७२ निर्माण र संविधान घोषणा हुँदा अन्य मधेशवादी दलहरु संविधान संशोधनको माग गरिरहँदा उपेन्द्र यादव भने पुनर्लेखनको आवश्यक्ता भएको वकालत गर्दै मधेश दौडाहामा थिए । अन्ततः संविधान संशोधन नभएसम्म निर्वाचनमा नजाने बाचा गरेका उपेन्द्र यादवले संगैको सहकर्मीलाई छाडी स्थानीय तहको निर्वाचनमा सहभागी मात्र भएन, नेकपासँग दुई बुँदे तमसुक गरी सत्ता सरकारमा समेत सहभागी हुन् पुग्यो । सरकार बनाउनका निम्ति नेकपालाई फोरमको आवश्यक्ता त थिएन नै न त फोरमले गरेको कुनै आन्दोलनको सेटलमेन्ट नै थियो । आमजनले यति मात्र बुझेका छन् की विजेता र पराजितबीच कुनै पनि सम्मानजनक सम्झौता हुन सक्दैन । अहिलेको कम्युनिस्ट सरकार विजेता हो भने फोरम नेपाल र राजपा नेपाल पराजित दल हुन् । झन् संविधानमा संशोधनको कुरा मधेशवादीले उठान गरेको हरेक पल्ट कम्युनिष्ट पार्टीका मुखिया केपी शर्मा ओलीले अस्वीकार गर्दै आएका थिए । संविधान संशोधनको हरेक बुँदामा देशघात देख्ने ओलीले उपेन्द्रको संविधान संशोधनको सहमतिलाई कसरी कार्यान्वयन गर्लान् ? देशहितमा मात्र संविधान संशोधन गर्नुपर्छ तर देशहितको परिभाषा तथा भाष्य निर्माण गर्ने जिम्मा एक जना व्यक्ति ओलीमा मात्र निहित रहेको कुरा अहिलेको दम्भयुक्त राजनीतिक वातावरणले प्रष्ट गरेको छ । यसबेला राजपा फोरमसंगै हुनु पर्दथियो । यस्तो बातावरणमा मधेशी जनताको अझ विश्वास जित्नु आवश्यक थियो, बहिरबाटै दवाब सिर्जना गर्न सकेको भए साँचै उपलब्धिमूलक हुने थियो । नेपालको संविधानको संशोधनबारे कुरा गर्दा सबैभन्दा नमिलेको विषय भनेकै सिमांकन हो जुन विस्तारै सुस्ताइने प्रयास गरिदै छ । सत्तामा रहेको फोरमले त सिमांकनमा मुद्दा बिसाई सकेका छन्, राजपा पनि सुस्ताउने हो कि आशंका छ । यद्दपि नेपालमा राज्य पुनः संरचनाबारे समय समयमा चर्चा परिचर्चा हुँदै आएको भएता पनि जनस्तरमा औपचारिक वहष २०६२/०६३ को जनआन्दोलन पूर्व सात राजनीतिक दलहरु र नेकपा (माओवादी) बीच २०६२ साल मंसीर ७ गते सम्पन्न १२ बुँदे सहमतिपछि नै प्रारम्भ भएको हो । उक्त सहमतीमा 'निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्रको स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय आदि समस्याको समाधान गर्न राज्यको अग्रगामी पुनः संरचना' गर्ने कुरा उल्लेख छ । त्यसपछि २०६३ मंसिर ५ गतेका दिन भएको विस्तृत शान्ति सम्झौतामा 'वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएको क्षेत्र लगायतका समस्याहरुलाई सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने' सहमति भयो । २०६३ माघ १ गते अन्तरिम संविधान जारी हुँदा राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गर्ने कुरा मात्र उल्लेख भयो । खास गरी बर्षौदेखिको मधेशी र आदिवासी जनजातीको चाहना रहेको राज्यले अब संघीय शासन प्रणाली अपनाउने कुरा उल्लेख भएन । तत्कालीन आठ दल मध्ये सद्भावना पार्टीले अन्तरिम संविधानमै उक्त विषय उपर फरक विचार उल्लेख गरे । तत्पश्चात माघ २ गतेदेखि नै मधेश आन्दोलन प्रारम्भ भयो । त्यसपश्चात संघीय शासन प्रणाली राज्यले अवलम्वन गर्ने कुरा पहिलो चोटी संविधानतः स्वीकार गर्यो । तर अन्तरिम संविधानको भावना अनुरुप संविधान बनेन, मधेश आन्दोलनलाई लत्याउदै मधेश केन्द्रित दललाई किनारीकृत गर्दै संविधान ल्याइयो । नेपालमा २०६२/०६३ सालको जनक्रान्ति, एक दशक लामो जनयुद्ध, मधेश विद्रोह, विभिन्न जातीय आन्दोलन पश्चात गठन भएको संविधानसभाले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने संविधान बनाउन नसक्नुको मुख्य कारण नेपालका पुराना राजनीतिक दलहरुमा राज्य पुनः संरचना सन्दर्भमा रहेको संकिर्ण विचार नै हो । संघीयतासम्बन्धी बहस गरिरहँदा पूर्वी नेपालमा यसको सान्दर्भिकता अझ बढी छ । वास्तवमा संघियताको प्रमुख हकदार मधेश आन्दोलनको प्रारम्भ पूर्वी नेपालबाटै भएको थियो । त्यसैगरी जनजाती आन्दोलन मध्ये जेठो तथा ससक्त लिम्बु-खम्बु एवं किरात आन्दोलन पनि यही क्षेत्रबाट प्रारम्भ भएको थियो । द एसिया फाउन्डेसन आइडियाले गरेको एक सर्वेक्षण अनुसार नेपालमा भएको मधेश आन्दोलनबारे सबैभन्दा बढी ८१५ पूर्वाञ्चलका (हिमाल, पहाड समेत) जनता सजग एवं जानकार थिए । त्यसैगरी जनजाती आन्दोलनबारे पनि सबै भन्दा बढी ७०५ पूर्वाञ्चलका (तराई मधेश समेत) जनता सजग एवं जनकार थिए । एकात्मक वा संघात्मक राज्य संरचना बारे संघात्मक रोज्ने पनि बढी पूर्वाञ्चल क्षेत्रकै जनता थिए । तसर्थ पूर्वी नेपालमा संघीयता प्रति जनताको अभिरुची बढी नै रहेको प्रमाणित हुन्छ । तर पूर्वका जनताले न मधेश पाए न त लिम्बुवान खम्बुवान नै । यसै कुराले प्रष्ट हुन्छ कि सिमांकन संशोधन कति आवश्यक छ भनेर ।

तर मधेश लगायत सिमान्तकृत समुदायलाई मूलधारमा ल्याउने सपना देखाएका माओवादीको एमालेकरण भइसकेको छ । सत्तामा पुगेपछि उपेन्द्र अहिले बिर्सेर पनि टीकापुर घटनाको उल्लेख गर्न चाहँदैनन् । त्यहाँका निर्दोष थारूहरूमाथि भएको दमनमा उनले चूँसम्म पनि गरेका छैनन् । काठमाडौंको सत्ता व्याकरणलाई उपेन्द्रले पछिल्ला एक दशकमा राम्रैसँग चिन्न र गम्न भ्याए । राजपाको नेतृत्व पंक्ति राष्ट्रिय राजनीतिमा सुपरिचित मध्यमार्गी धार हो, जो मधेशका अजेण्डा लिएर काठमाडौसँग संघर्षसँगै सम्वाद गर्छ र सहयात्रा खोजेको छ । विगतको १२ वर्षमा संघर्षरत विभिन्न पार्टी एव फोरम समेतको अशं मिलेर निर्माण भएको राजपासंग जनता अपेक्षाकृत छन् । मध्यमार्गीको निम्ति राजपाको विकल्प न राज्यसँग छ न जनतासंग नै छ। वास्तवमा मधेश र देशलाई जोडने बीचको कडी नै राजपा हो । अतः राजपा अझ बढी जिम्मेवार हुनु आवश्यक छ । संविधानका रचनाकार तीन ठूला दलले राजपालाई गाली गर्न वा उपेन्द्रलाई हौस्याउनमा समय खर्चनुभन्दा समस्याको दीर्घकालीन समाधान खोज्नुमा नै देश र जनताको भलो हुनेछ ।

# अर्को निर्वाचनसम्म मधेशमा वैकल्पिक शक्ति निश्चित आउँछ



**देवेन्द्र मिश्र**

**संस्थापक नेता, नेपाल सद्भावना पार्टी**

**सत्ताको वरिपरी घुम्ने मात्र बढी मधेशी नेता भए तर साँच्चिकै मधेशका लागि काम गर्नेहरु र गजेन्द्रनारायणको विचारलाई लिएर अगाडि बढ्नेहरुको संख्या ज्याँदै न्यून छ।**

**० स्व. गजेन्द्र नारायण सिंहको १७ औं स्मृति दिवस मनाइएको छ। उहाँलाई कसरी सम्झनुहुन्छ ?**

– गजेन्द्रबाबुले विजारोपण गर्नुभएको विचार आजभोलि हराउँदै गएको पाउँछौं। गजेन्द्रबाबुले भाषा, संस्कृति, आरक्षण, संघीयता लगायतका विषयहरु लिएर अगाडि बढ्नुभयो र त्यसकै आधारमा सबैले आ-आफ्नो पार्टीमा यी विषयहरु समेटे। तर आज उहाँका विचारहरु हराउँदै गएका छन्। त्यसमा दृढता र निश्चितता नभएको देख्दा हामीलाई दुख लाग्छ। गजेन्द्रबाबुको स्मृति दिवसमा उहाँलाई मधेशवादी संस्थापक नेताकै रुपमा सम्झन्छौं। उहाँको समयभन्दा पहिले पनि मधेशका कुराहरु त उठेका थिए तर २०४० सालपछि उहाँले जसरी मधेशको विषयलाई अगाडि ल्याउनुभयो त्यो अतुलनीय छ।

**० स्वः गजेन्द्र नारायण सिंहले उठाउनुभएका मुद्दाहरु आज कुन अवस्थामा छन् ?**

– उहाँले लिनुभएको विचारधारामा अहिलेका नेताहरु आफैं कन्फ्यूज्ड छन्। सत्ताको वरिपरी घुम्ने मात्र बढी मधेशी नेता भए तर साँच्चिकै मधेशका लागि काम गर्नेहरु र गजेन्द्रनारायणको विचारलाई लिएर अगाडि बढ्नेहरुको संख्या ज्यादै न्यून छ। विचार त अहिले पनि छ तर त्यो विचारमा हुनुपर्ने मजबुति अहिले छैन।

**० उहाँका सिद्दान्त र दर्शनलाई पुनःजागरण गर्न तपाईहरुले के गर्दै हुनुहुन्छ ?**

– त्यसका लागि विचारको क्रान्तिको आवश्यक्ता छ। आज सत्ता र कुर्सीको लोभमा मधेशवादलाई लिप्त बनाएर अगाडि बढ्ने काम भईरहेको छ त्यसलाई रोक्नुपर्छ। अहिलेका मधेशवादी दलहरुले आफ्नो माग र धारणालाई स्पष्ट रुपमा मधेशकै जनतालाई बुझाउन सकिरहेको अवस्था छैन। कुन विषयलाई बढी जोड दिइरहेका छन् भन्ने विषय नै प्रष्ट छैन। विगतमा हामीले भाषा, आरक्षणका विषयलाई मजबुतीका साथ अगाडि ल्याएका थियौं र ती कामहरु गराएरै छोड्यौं तर आज यही नै मधेशी दलको माग हो भन्ने कुनै विषय नै प्रष्ट देखिएको छैन। विकासका कामहरु त क्रमशः चल्छ तर जहाँ अधिकारका कुराहरु आउँछ त्यता ध्यान नदिएर बस्न मिल्दैन। आज विकासका नाममा जितेर गएका मन्त्रीदेखि सांसदसम्मको नाम आइरहेको छ, त्यो त लज्जाको विषय भयो। भाषा, नागरिकता, संस्कृति, संघीयतालाई कानुनी स्वरुप दिने मुद्दाहरु हराउँदै गएका छन् त्यसमा भएका कमीकमजोरीहरुलाई केलाउँदै अगाडि बढ्ने व्यक्ति कता गए ? राज्यले यी मुद्दाहरुलाई स्वीकार गर्‍यो तर त्यसलाई निष्कर्षमा नपुर्‍याई आधा बनाएर राखेको छ। त्यसका लागि लड्ने व्यक्ति को ? यस्ता विषयलाई हामीले जनतालाई, शिक्षित जमातलाई बुझाउन सक्यौं भने एउटा जमात तयार हुन्छ त्यसले विचारको क्रान्ति गर्छ र गजेन्द्रनारायण सिंहले थाल्नुभएको विचारलाई निष्कर्षमा पुर्‍याउन सक्छ।

**० विगतमा सद्भावना नामधारी आधा दर्जन जति राजनीतिक दल थिए। तिनीहरु कतिपय अहिले राजपामा विलिन भइसकेका छन्। आफूलाई उत्तराधिकारी भनेर दाबी गर्नेहरुको अहिलेको अवस्था के देख्नुहुन्छ ?**

– आजको राजनीति पैसाको लागि गरिने भईसकेको छ। जुन समयमा हामीले राजनीति सुरु गरेका थियौं त्यतिबेला विचारको राजनीति हुन्थ्यो। पुराना नेताहरु जसले विचारको राजनीतिलाई प्राथमिकता दिन्थे आजका दिनमा ति सबै घर बसिसके। अहिले नयाँ पुस्तामा राजनीतिमा प्रवेश गर्नेले विचारभन्दा पनि पैसा, गाडी, सहरमा घर आदि देख्न थाले र कुर्सी र सत्ताका लागि राजनीतिक गर्नुपर्छ भन्ने भावना विकसित हुँदै गयो। विचार र चिन्तन भएका र धैर्य गर्न सक्ने हाम्रा समयमा नेताहरुले अहिलेको राजनीतिमा बग्न सकेन र पछाडि हटे। उनीहरुलाई समेटेर अगाडि बढ्न सकेमा मात्र गजेन्द्र बाबुको सपना साकार हुन सक्छ।

**० नेपाल सद्भावना पार्टीलाई पुनः गठन गर्ने कुनै योजना बनाउनु भएको छ ?**

– राजनीतिमा नामको खासै महत्व हुँदैन, विचारको महत्व रहन्छ। सद्भावना पार्टी होस् वा अन्य कुनै नामले पनि गोलबद्ध त भएरै अगाडि बढ्नुपर्छ। मधेशका जस्ता समस्याहरु छन् विगतमा थिएन। अहिलेसम्म पनि केही घटेको छैन झन् बढ्दै गइरहेको छ त्यसलाई समाधानको दिशा दिन अत्यन्तै जरूरी भईसकेको छ। मधेशी दलहरुप्रति मधेशी जनताकै विश्वास घट्दै गईरहेको छ। अहिलेका दलभित्र पनि केही व्यक्तिहरु छन् जसले मधेशको यथार्थ समस्यालाई बुझेका छन् तर त्यसभित्र ठूलो जमात छ जुन सत्ता र पैसाको लागि मात्र राजनीति गरिरहेका छन्। विचारको राजनीति गर्ने सबैलाई मिलाएर मधेशमा राजनीतिक दल खोल्नु अहिलेको आवश्यकत्ता देख्छु। त्यतातिर कुराहरु भइरहेको मैले पनि महसुस गरेको छु। मसँग पनि पूर्वमेची देखि महाकालीसम्मका साथीहरुले कुरा गरिरहेका छन्। समग्र मधेश एक प्रदेशको विचार पनि धुमिल भइसकेको छ। गजेन्द्रबाबुले सम्पूर्ण मेचीदेखि महाकालीका मधेशीहरुलाई लिएर अगाडि बढ्नुभएको थियो। सबैले संघर्ष गरेका हुन् तर आज केही क्षेत्रका व्यक्तिहरुले मात्र उपलब्धी पाएका छन्। यही कारण केही साथीहरुको मन चिसो भएको छ। उनीहरुलाई जगाएर उनीहरुको विचारमा ताजगी ल्याएर अगाडि बढ्न सकियो भने त्यतिकै बलियो र सशक्त भएर आफ्नो अधिकारका लागि संघर्ष गर्न सकिन्छ।

**० मधेशमा वैकल्पिक शक्तिका लागि गहकार्य सुरु भइसकेको हो ?**

– यो स्वभाविक प्रक्रिया हो। जब तपाईले आफ्ना विचारहरुलाई सशक्त रुपमा लिएर अगाडि बढ्न सक्नुहुन्न त्यहाँ भित्र सानो वा ठूलो रुपमा अर्को व्यक्तिले प्रयास गरिहाल्छ। कुनै पनि अवस्थामा समयलाई रोक्न सकिदैं। सबैलाई मिलाएर लैजान केही समय लाग्छ र त्यही समयको प्रतिक्षा छ सबै साथीहरु। अर्को निर्वाचनसम्म मधेशमा अर्को वैकल्पिक शक्ति निश्चित आउँछ।

**० वर्तमान समयमा अस्तित्वमा रहेका राजपा र फोरमले मधेशलाई न्याय दिन सक्ला वा संविधान संशोधन गराउने क्षमता देख्नुहुन्छ ?**

– विचारमा ढुलमुल भईरहेको कारणले गर्दा फोरमले मधेश मात्र होइन देशको विषयमा सोचेको जस्तो गर्दैछ। यसरी त विचारमै फरकपना आयो। अर्कोतिर ६ दलको गठबन्धन भएर राजपा पार्टी निर्माण भएको छ। ६ दलको खिचातानी आजसम्म पनि चलिरहेकै छ। तागत त छ तर त्यो तागत विभाजित भएको छ। विभाजित अवस्थामा मधेशवादका कुराहरुलाई लिएर अगाडि बढ्दा त्यसले ठूलो परिवर्तन ल्याउन सक्दैन। शासकलाई कसरी यिनीहरुलाई फोर्न सकिन्छ भन्ने तर्फ मात्र सोच रहेको हुन्छ। त्यसबाट चेत खाएर मधेशका प्रमुख दुई दलले नयाँ किसिमबाट अगाडि बढ्नुपर्ने हो तर त्यो देखिएको छैन।

**० तपाई राजपा नेपालको केन्द्रीय सदस्य हुनुहुन्थ्यो, अहिले छाड्नुभयो ?**

– म अहिले पनि छु तर निस्क्रिय। ६ वटा पार्टी एकीकरण भइसकेपछि त्यहाँ केन्द्रीय सदस्यहरु यति धेरै भए कि मैले बोलेर विचार राखेर सुन्ने मान्छे नै कोही छैन जस्ता लाग्यो। ६ जना अध्यक्षको संयुक्त निर्णयले पार्टी राम्ररी नै सञ्चालन भएको होला भन्ने आशामा छु। महाधिवेशनबाट राजपाभित्र रहेको ६ वटा अध्यक्षको गठबन्धलाई हटाएर एकल नेतृत्वको पार्टी बनाउनुपर्छ भन्ने मेरो दृष्टिकोण रहेको छ। विधान परिवर्तन गरेर एउटा व्यक्तिको अध्यक्षतामा पार्टी सञ्चालन गरिनुपर्छ।

> ☞ **गजेन्द्रबाबुको स्मृति दिवसमा उहाँलाई मधेशवादी संस्थापक नेताकै रुपमा सम्झन्छौं।**
>
> ☞ **मधेशका लागि काम गर्नेहरु र गजेन्द्रनारायणको विचारलाई लिएर अगाडि बढ्नेहरुको संख्या न्यून छ।**
>
> ☞ **अहिलेका मधेशवादी दलहरुले आफ्नो माग र धारणालाई स्पष्ट रुपमा मधेशकै जनतालाई बुझाउन सकिरहेका अवस्था छैन।**
>
> ☞ **आज सत्ता र कुर्सीको लोभमा मधेशवादलाई लिप्त बनाएर अगाडि बढ्ने काम भईरहेको छ त्यसलाई रोक्नुपर्छ।**
>
> ☞ **राज्यले मधेशका मुद्दाहरुलाई स्वीकार गर्‍यो तर त्यसलाई निष्कर्षमा नपुर्‍याई आधा बनाएर राखेको छ।**
>
> ☞ **अहिले नयाँ पुस्तामा राजनीतिमा प्रवेश गर्नेले विचारभन्दा पनि पैसा, गाडी, सहरमा घर आदि देख्न थाले र कुर्सी र सत्ताका लागि राजनीतिक गर्नुपर्छ भन्ने भावना विकसित हुँदै गयो।**
>
> ☞ **मधेशका प्रमुख दुई दलले नयाँ किसिमबाट अगाडि बढ्नुपर्ने हो तर त्यो देखिएको छैन।**
>
> ☞ **विचारमा ढुलमुल भईरहेको कारणले गर्दा फोरमले मधेश मात्र होइन देशको विषयमा सोचेको जस्तो गर्दैछ।**

# चित्रकलामा दखल भएका कलाकार खोजिनुपर्छ

**मलाई देशले भन्दा पहिले विदेशले चिनेको हो। विदेशले चिनिसकेपछि देशले खोज्न सुरु गर्‍यो, देशले खोजेपछि मात्र मलाई मेरो समाजले खोजेको हो।**



**एस. सी. सुमन**

**मिथिला चित्रकार**

**० मिथिला चित्रकलाको प्रदर्शनी गरिरहनु भएको छ ? कसरी अगाडि बढिरहेको छ ?**

– यो मेरो १६ औं एकल प्रदर्शनी हो। यसमा मिथिला कसमस 'द सङ्स अफ इनोसेन्स एण्ड एक्सपेरियेस' को शीर्षकमा अहिले प्रदर्शनी भइरहेको छ। यहाँसम्म आइपुग्दा पटक-पटक सिद्धार्थ आर्ट ग्यालरीमा काम गर्दै जाँदा खेरी मिथिला कसमस शीर्षकमा यो पाँचौ शृखंला हो। २००७ देखि मैले मिथिला कसमस सुरु गरें र २०११ मा मिथिला कसमस न्यु न्यारेटिभ, २०१३ मा मिथिला कसमस 'ट्रि अफ लाईफ' लगायतका प्रदर्शनीहरु भइसकेका छ। संविधान जारी भइसकेपछि मिथिला कसमस कल्पविज्ञ भनेर मेरो प्रदर्शनी भयो। ती प्रदर्शनीहरु मिथिला चित्रकारको इतिहासमा एउटा महत्वपूर्ण आधारहरु हुन्। मेरो चित्रले विभिन्न देशका समस्याहरुको बारेमा बोल्दै आएको छ, जो मिथिला चित्रकलामा धेरै कम देखिन्छ। मेरो ३५/४० वर्षको अनुभवलाई मैले यस प्रदर्शनीमा अगाडि ल्याएको छु।

**० यो प्रदर्शनी कहिलेसम्म चल्छ र कहाँ प्रदर्शन भईरहेको छ ?**

– सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा यसको प्रदर्शनी भइरहेको छ। बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म तपाईहरु हेर्न सक्नुहुन्छ। यो १ महिनाको प्रदर्शनी हो, २० फ्रेबुअरीसम्म चल्नेछ।

**० यो प्रदर्शनीको आकर्षण के हो ?**

– त्यहाँ करिब २९ वटा चित्रहरु छन्। पशुपति दर्शनदेखि लिएर स्वम्यभू, गुहेश्वरी लगायतका काठमाडौंको विषयवस्तुलाई समेटिएको छ। त्यहाँ मिथिला र नेवारी सम्बन्धका कुराहरु, देशको बहुगामी पक्षका कुराहरु, सद्भावका कुराहरू रहेका छन्।

**० आमदर्शकलाई मिथिलाको झल्को दिने के–कस्तो चित्रहरु राख्नुभएको छ ?**

– सबै मिथिलाकै झल्को दिने चित्रहरु रहेका छन्। म मैथिली चित्रकार हुँ। आजसम्म मिथिला कसमस कै एउटा ब्रम्हाण्डको रुपमा यसलाई प्रस्तुत गरेको छु। मेरो काठमाडौंको चार वर्षे बसाईको क्रममा केही विषयवस्तु काठमाडौंको पनि समेट्ने कोशिस गरेको हुँ। एसएलसी पास गरेपछि र आमासँग काडमाडौं आउँदाको अनुभवलाई सम्झेर मैले पछाडि फर्केर आफ्नो क्यानभासलाई चित्रकलामा उतारे। त्यस पछि आजसम्मको यो ४ वर्ष म नेपाल एकेडेमीमा फाइन आर्टको काउन्सिल मेम्बर भएँ र त्यसपछि हेड अफ द डिपार्टमेन्ट अफ फोक आर्टमा ४ वर्ष काम गरें। त्यो अवधि २०१४ र २०१८ को निरन्तर बसाई त्यसमा जोडिएर आएको छ र त्यस भित्रको कथा व्यथाहरु चित्रको माध्यमबाट सजिलै हेर्न सकिनेछ।

**० मिथिला चित्रकारहरुलाई यही माध्मयले आफ्नो जीवन निर्वाह गर्न कत्तिको सजिलो छ ?**

– कुनै काम सजिलो हुँदैन। त्यो काममा तपाई कत्तिको लागि पर्नुभएको छ भन्ने पनि महत्वपूर्ण हुन्छ। चित्रकार बनेर वा कलासँग जोडिएर जीवन निर्वाह गर्न धेरै गाह्रो छ। यो क्षेत्रमा संघर्ष धेरै गर्नुपर्छ, इमान्दारिता चाहिन्छ तर निरन्तर लागिरहनु भयो भने एकदिन सफल अवश्य भईन्छ।

**० मिथिला क्षेत्रको ऐतिहासिकताको हिसाबले मिथिला चित्रकलाले कत्तिको स्थान पाउन सकेको पाउनुहुन्छ ? राज्यबाट र आफ्नै समुदायबाट प्रोत्साहनको स्तर कति छ ?**

– जब आफूले आकर्षित गर्न सकिन्छ त्यसपछि राज्यले वा समुदायले पनि माया गर्दै जाने हुन्। मैले सन् १९९० देखि चित्र प्रदर्शनी गर्न सुरु गरेको हुँ। अहिलेसम्म आईपुग्दा म एकल प्रदर्शनी गर्न सक्ने भएको छु। अहिले नेपाल एकेडेमी अफ फाईन आर्टमा लोककलाको विभागको गठन भएको छ। त्यहाँ विगतमा मैले पनि चार वर्ष बसेर काम गर्ने मौका पाएको थिएँ। अहिले पनि त्यहाँ मिथिला कलाकारहरुलाई समावेश गरिन्छ। हामीले आफ्नो ठाउँबाट मिहेनत गर्ने हो भन्ने राज्यले अवश्य सम्बोधन गर्दै जान्छ।

मिथिला समाजमा जसले केही गर्न सक्दैन त्यो कलाकार बन्छ भन्ने धारणा अहिलेसम्म पनि रहेकै छ। प्रायः जसो कलाकारले त्यसको अनुभव गर्नुभएकै छ। मलाई देशले भन्दा पहिले विदेशले चिनेको हो। विदेशले चिनिसकेपछि देशले खोज्न सुरु गर्‍यो, देशले खोजेपछि मात्र मलाई मेरो समाजले खोजेको हो। तपाई आफू अगाडि बढ्नुहुन्छ भने परिवार, समाज र राष्ट्र पनि कभिन्स हुँदै जान्छ भन्ने मेरो अनुभव हो।

**० यो क्षेत्रमा आउन तपाईलाई परिवारको सहयोग थिएन ?**

– म घरको जेठो छोरा हुँ। आमाबुबाको सपना मलाई डाक्टर बनाउने थियो। विद्यार्थी जीवनदेखि नै म कलाकारितातिर आकर्षित थिएँ। कलाकारिता गर्न थालेपछि आफ्नो जीवनलाई कसरी अगाडि बढाउँला भन्ने बुबालाई डर थियो। किनभने विज्ञानको विद्यार्थी भएर पनि मैले कलाकारितालाई कहिले छोडिन। परिवारको दायित्व पूरा गर्नको लागि मैले अन्य कामहरु पनि गर्नुपर्दथ्यो तर जुन सन्तुष्टि मलाई चित्र बनाउँदा प्राप्त हुन्थ्यो अन्य काम गर्दा कहिल्यै भएन। आज आएर परिवारले गर्व गर्ने अवस्थामा पुगेको छु। आज यो ठाउँमा आइपुग्न मेरो एक दिनको होइन ३० वर्षको निरन्तर मेहेनत रहेको छ।

**० तपाईलाई चित्रकलाप्रति यस्तो मोह कहिलेदेखि भयो ?**

– म विद्यालयमा पढ्दा पनि विभिन्न किसिमका चित्रहरु बनाएर प्रदर्शन गर्थे। त्यतिबेला कलम, कपी, पेन्सिल जस्ता पुरस्कार जितिन्थ्यो। त्यहीबेलादेखि नै मलाई चित्रकलाप्रति रुचि भएको हो। मैले स्वःअध्ययनले नै चित्रकारिता सिकेको हुँ र गर्दै आएको छु। चित्रकलासम्बन्धी कुनै तालिम अहिलेसम्म लिएको छैन।

**० नेपालभन्दा बाहिर पनि तपाईको चित्रहरु प्रदर्शनी भएका छन् ?**

– फ्रान्समा पहिलो पटक प्रदर्शन गरेको थिएँ, त्यसपछि जर्मनी, बंगलादेश, चीन, युके, अमेरिका लगायतका देशहरुमा मैले चित्र प्रदर्शनी गरेको छु। त्यहाँबाट मैले पुरस्कारहरु पनि पाएको छु। मेरा चित्रहरु देश विदेशका विभिन्न म्युजियमहरुमा पनि राखिएको छ। अष्ट्रियामा चित्र प्रदर्शनी सुरु हुँदैछ। अप्रिल महिनादेखि त्यसमा मेरो आर्ट पनि त्यहाँ प्रदर्शन हुने क्रममा रहेको छ। २०१९ को मार्च महिनामा बंगलादेशमा पनि एउटा कार्यक्रम रहेको छ। त्यहाँ एउटा नेपाली टोलीलाई मैले नेतृत्व गर्नेछु। त्यसमा मेरो प्रमुख भूमिका रहेको छ। २०१९ अगस्टमा बेईजिङमा मलाई आमन्त्रित गरिएको छ। यसरी पछिल्लो समयमा चित्रकलाको माग बढ्दै गएको महसुस गरेको छु।

**० मिथिला चित्रकलाको भविष्य कस्तो देख्नुहुन्छ ?**

– भविष्य त उज्वल नै छ। अझ राम्रो बनाउनका लागि म मात्र लागि परेर हुँदैन। योसँग सम्बन्धित भएका सबैको मिहेनतको खाँचो छ। ग्रामीण क्षेत्रमा धेरै यस्ता महिलाहरु छन् जसको हातमा सीप भएर पनि अवसर पाएका छैनन्। शिक्षाको पनि अभाव छ। उनीहरुलाई पनि बाहिर ल्याउन जरूरी छ। चित्रकलामा दख्खल भएका कलाकारको जति खोज हुनुपर्दथ्यो त्यति हुन सकेको छैन। ठूलो संख्यामा महिला कलाकारहरु छन् र उनीहरुलाई हामीले समेट्न सकेका छैनौं। अब यो विषयमा पनि ध्यान दिन जरूरी छ।

**० नयाँ पिँढिलाई यो कला सम्बन्धी जानकारी दिन तपाईले कुनै तालिम केन्द्रहरु खोल्नुभएको छैन ?**

– मसँग त्यति समय नै भएन। मैले बाहिर नै रहेर विभिन्न क्षेत्रमा गएर मधेशी लोककला, मिथिला लोककला, थारू, अवधि, राजवंशी लोककला आदि क्षेत्रहरुमा काम गर्न सुरु गरें। त्यहाँ मैले तालिमहरु दिने व्यवस्था पनि गरेको थिएँ। ४ वर्षमा पूर्वदेखि पश्चिमका विभिन्न ठाउँमा तालिमहरु सञ्चालन गर्‍यौं। व्यक्तिगत रुपमा त्यस्तो कुनै केन्द्र नखोले पनि विभिन्न विश्वविद्यालयहरुले आमन्त्रण गर्दा मैले त्यहाँ गएर चित्रकला सम्बन्धी जानकारी दिने गरेको छु।

***( मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश )***

> ☞ **यो मेरो १६ औं एकल प्रदर्शनी हो।**
>
> ☞ **सिद्धार्थ आर्ट ग्यालरी बबरमहलमा यसको प्रदर्शनी भइरहेको छ।**
>
> ☞ **विज्ञानको विद्यार्थी भएर पनि मैले कलाकारितालाई कहिले छोडिन।**
>
> ☞ **हामीले आफ्नो ठाउँबाट मिहेनत गर्ने हो भन्ने राज्यले अवश्य सम्बोधन गर्दै जान्छ।**
>
> ☞ **मैले स्वःअध्ययनले नै चित्रकारिता सिकेको हुँ र गर्दै आएको छु।**
>
> ☞ **ग्रामीण क्षेत्रमा धेरै यस्ता महिलाहरु छन् जसको हातमा सीप भएर पनि अवसर पाएका छैनन्।**
>
> ☞ **व्यक्तिगत रुपमा त्यस्तो कुनै केन्द्र नखोले पनि विभिन्न विश्वविद्यालयहरुले आमन्त्रण गर्दा मैले त्यहाँ गएर चित्रकला सम्बन्धी जानकारी दिने गरेको छु।**

# शहीद दुर्गानन्द : एक स्मृति चिन्तन



रोशन जनकपुरी

**दुर्गानन्द नेपालमा गणतन्त्रको सपना र विश्वास सहित शहादत दिएको पहिलो शहीद हुन् । अफसोस, वैचारिक मतान्तरको कारण उनि सम्बद्ध पार्टी नेपाली कांग्रेसले (कम से कम पार्टी भित्र भएपनि) उनलाई लामो समयसम्म शहीद घोषणासम्म गर्न रुचि देखाएन ।**

सामाजिक अन्तर्विरोधहरु जब जटिल हुन्छ र सहजै समाधान हुने स्थिति रहँदैन, अनि समाजले आफूभन्दा माथि राज्यसत्ताको निर्माण गर्दछ । समाजले राज्यसत्तालाई विशिष्ट अधिकारहरु र शक्ति सुम्पन्छ । यसको अर्थ राज्यनिर्माणको उद्देश्य समाजमा उत्पन्न समस्याहरुको समाधान गर्नु हो । तर जब राज्यसत्तामा गएका प्रतिनिधिहरु जनताको समस्या समाधान गर्नुको साटो समाजले दिएको शक्ति उपयोग गरेर समाज अथवा जनतामा शासन गर्न थाल्दछन् अनि राज्यसत्ता र समाज दुई समानान्तर धाराजस्तो हुनजान्छ । यसले समाज र राज्यसत्ता बीच द्वन्द सृजना गर्दछ । समाजले आफू विपरीतको राज्यसत्तालाई विस्थापित गरि अर्को, आफू अनुकूलको राज्यसत्ता निर्माण गर्ने कोशिस गर्दछ । शासकवर्गीय राज्यसत्ताले समाज वा जनताका प्रयासहरुलाई विफल पार्न प्रहरी र सेनाजस्तो शक्ति प्रयोग गर्दछ । जनताद्धारा गरिएका आन्दोलन, विद्रोह र क्रान्तिहरु यसैका परिणाम हुन् ।

अहिले हामीले उपभोग गरिरहेको गणतन्त्र नेपाली जनताले पुरानो निरङकुश राजतन्त्र र उसका मतियार विरुद्ध गरेको अथक संघर्ष, त्याग, र बलिदानको परिणाम हो । यसको निम्ति नेपाली जनताका हजारौं सर्वोत्तम छोराछोरीहरुले जीवन अर्पण गरे । हुन त नेपालमा गणतन्त्रको आन्दोलनको चरमोत्कर्ष माओवादी जनयुद्ध हो, जस्मा श्रमजीविवर्ग र उत्पीडित समुदायको नेतृत्वमा जनगणतन्त्रको निर्माण गर्ने उद्देश्यले नेपाली जनताले दशवर्ष सम्म हतियारबद्ध संघर्ष गरे । यस अर्थमा हामीहरुले वर्तमानमा भोगीरहेको गणतन्त्र अधूरै छ । किनभने अहिलेपनि शासनमा अभिजात्य र सम्पन्नवर्गकै प्रभूत्व छ र श्रमजीविवर्ग र उत्पीडित समुदायहरु पछिल्लो पंक्तिमा नै छन् । वर्तमान गणतन्त्रलाई देशका बहुसंख्यक गरिखाने वर्ग र उत्पीडित समुदायहरुको पहुँचमा ल्याउन निर्णायक संघर्षको आवश्यकता बाँकी नै छ । तरपनि निरङकुश राजतन्त्रबाट मुक्त यो गणतन्त्र नेपाली जनताको त्याग, तपस्या र बलिदानको परिणाम हो भन्नेमा दुईमत छैन ।

नेपालमा गणतन्त्रको इतिहास हेर्ने हो भने विचारधारात्मकरुपमा कम्युनिस्टहरु हमेशा गणतन्त्रको पक्षमा रहेभने नेपालीकाँग्रस कुनैबेला गणतन्त्र त, कुनैबेला सवैधानिक राजतन्त्रको पक्षमा, अस्थिर देखिएका हुन् । वि.स. २०१७ सालमा राजा महेन्द्रले संसदिय व्यवस्थालाई निरस्त गरेर निरङकुश पञ्चायती व्यवस्थाको शुरुआत सजिलै गर्नसक्नुको पछाडीको विभिन्न कारणहरुमा नेकाभित्रको यो वैचारिक अन्यौलपनि एउटा प्रमुख कारण हो । राजा महेन्द्रको यस निरङकुश कार्यले सचेत जनताबीच आक्रोश बढाएको थियो । अझ जननिर्वाचित सरकारबाट विस्थापित हुनुपरेको नेपालीकाँग्रेसमा आक्रोश थपिनुपनि स्वाभाविक थियो । भारतमा निर्वासित नेपालीकाँग्रेसका नेताहरु राजा महेन्द्रलाई यसको दरो जवाफ दिन चाहन्थे । नेपाली काँग्रसको नेतृत्वको एउटा हिस्सा राजा महेन्द्र माथी दबाब सृजना गरेर उनिसंग मिलेर शासन गर्न चाहन्थ्यो भने अर्को हिस्सा राजतन्त्रबाट मुक्ति चाहन्थ्यो । ऐतिहासिक स्रोतहरुका अनुसार पटनामा बसेको एउटा बैठकमा राजामहेन्द्र विरुद्ध सशस्त्र संघर्ष गर्ने निर्णय गरिएपनि पार्टीभित्र यो वैचारिक अन्यौलभने यथावत् नै थियो । वि.स. ०१८सालमा जनकपुरमा राजा महेन्द्रमाथी बम प्रहार र दुर्गानन्दको शहादत यसैको परिणाम थियो ।

धनुषा जिल्लाको जटही गाउँमा वि.सं १९९९ वैशाख १४ गते जन्मेका दुर्गानन्द त्यतिबेला सीमापारी भारत मधुबनी जिलाको उमागाँवमा दश कक्षाका छात्र थिए । उमगाँव नेपालीकाँग्रेसका नेता र कार्यकर्ताहरुको आश्रयस्थल भएकोले, यसैक्रममा दुर्गानन्द उनिहरुको सम्पर्कमा आए । सीमाक्षेत्रमा उनको गाउँ जटहीमापनि राणाविरोधी राजनीतिक नेता-कार्यकर्ताहरुको अस्थायी आश्रयस्थल थियो । यसैक्रममा तत्कालीन समयमा नेपालीकाँगेसका यसक्षेत्रका वरिष्ठ नेता सरोजप्रसाद कोइरालाको पहलमा उनि नेपालीकाँग्रेसमा सक्रिय भएका थिए । वि.सं २०१८ साल माघ ९ गते राजामहेन्द्र जनकपुर आउनलागेको थाहापाएर एकातिर पार्टीभित्रको एउटा गूटको रुखो व्यवहार र अर्कोतिर परिवारका सदस्यहरुलाई सरकारी यातनाका समाचारहरुले दुर्गानन्दलाई क्षुब्ध र विचलित बनाएको थियो । यसै अन्यौलमा उनले परिवारका सदस्यलाई मुक्ति दिन आफू पक्राउ दिने निर्णय गरे । (तत्कालीन समयमा नेपाली काँग्रेसका कार्यकर्ता र पछि नेपाल सदभावना पार्टीका नेतासमेत भएका खुशीलाल मण्डलले दिएको एउटा अन्तर्वातामा जनकपुरमा तत्कालीन एसपी मानबहादुरले आन्तरिक पहल गरेका थिए भन्ने सुनेको भनेका छन्, तर उनि बाहेक यसको कुनै विश्वनीय आधार पाइँदैन ।) यसैक्रममा वि.सं२०१९ साल वैशाखमा जयनगरबाट रेल चढेर जनकपुर आउने क्रममा परवाहामा गिरफ्तार भए । जनकपुरबाट उनलाई जलेश्वर नजिकको परिकौली ब्यारकमा राखियो र त्यसपछि हेलीकप्टरमा काठमाँडौ सेन्ट्रलजेल पुऱ्याइयो । राणाकालको अन्तपछि नेपालको कानूनमा मृत्युदण्ड हटाइएको थियो, तर राजा महेन्द्रमाथी प्रहार गर्नेलाई मार्नकै निम्ति सम्विधानमा संशोधन गरियो र विशेष अदालतबाट 'राजकाज अपराध र सजाय ऐन–२०१९' बमोजिम वि.स. २०१९ भदौ १९ गते दुर्गानन्द, अरविन्द ठाकुर र दलसिंह थापालाई मृत्युदण्डको सजाय दिने निर्णय गऱ्यो । त्यसै वर्ष फागुन १४गते सर्वोच्च अदालतलेपनि यस निर्णयलाई सदर गऱ्यो । केही अपुष्ट स्रोतहरुका अनुसार राजामहेन्द्रकी जेठी रानी इन्द्रराज्य लक्ष्मीदेवी शाहको माध्यमबाट केही मानिसहरुले राजासमक्ष उनिहरुको निम्ति क्षमादानको पहलपनि गरेका थिए । तर दुर्गानन्दले गल्ती स्वीकार गर्न र क्षमा माँग्न तयार भएनन् । यसैको परिणाम थियो राजा महेन्द्रले वि.स.२०२० साल पौष २१ गते दुर्गानन्दलाई मृत्युदण्ड दिने निर्णयलाई अन्तिम स्वीकृति दिए र अन्यको सजाय आजीवन कारावासमा परिणत भयो । यसको एकमहिना पछि वि.स.२०२० साल माघ १५ गते मध्यरातमा दुर्गानन्दलाई सेन्ट्रलजेलको गोलघर र जनाना जेल बीचको भागमा लगेर गोली हानेर मृत्युदण्ड दिइयो ।

**अफसोच, शहीदहरुको रगतबाट प्राप्त यस गणतन्त्रका सञ्चालकहरु देश र जनताको हितलाई उपेक्षा गर्दै र लोकतन्त्रलाई चतुऱ्याँईपूर्वक चुनावी व्याख्यामा फँसाएर नाफा र धनि वर्गको हातमा सुम्पेर लूट मच्चाइरहेका छन् । मेहनत गरेर खाने वर्ग चुनावी दासमा परिणत भएको छ र ठगिएको महसूस गर्दैछ ।**

नेपालीकाँग्रेसको एउटा हिस्साले उनिमाथी बमप्रहार गर्ने योजना बनायो । यसको निम्ति हालको जनकपुरधाम् उपमहानगरपालिका अन्तर्गत लोहना गाउँका अरविन्द ठाकुर र दुर्गानन्दलाई यस्को जिम्मा दिइयो । राजा महेन्द्र माथी जनकपुर विमानस्थलमा बम प्रहार गर्ने पहिलो जिम्मेवारी अरविन्द ठाकुरको थियो, तर विमानस्थलमा गुप्तचरहरुले चिनेर उनि बम प्रहार गर्नुभन्दा पहिले नै पक्राउ परे । तर जनकपुरको जानकीमन्दिरको प्राङ्गणमा दुर्गानन्द राजामहेन्द्र माथी बमप्रहार गर्न सफल भए । उनले प्रहार गरेको बम राजा चढेको जीपको पछाडीपट्टी लाग्यो । गाडीलाई क्षती पुगे पनि राजा सुरक्षित रहे । संगै रहेको तुलसी गिरी केही छर्रा लागेर घाइते भए । दुर्गानन्द भीड छलेर त्यहाँबाट भाग्न सफल भए । भनिन्छ उनि फर्केर पार्टी नेताहरुको सम्पर्कमा पुग्दा उनिसंग राम्रो व्यवहार गरिएन । यसमा नेपालीकाँग्रेस भित्रको वैचारिक द्वन्दको कारण एउटा पक्ष उनिप्रति क्षुब्ध देखिएका थिए । जबकि एउटा अत्यन्त ऐतिहासिक कार्यभार पूरा गरेर फर्केको दुर्गानन्दसंग उच्च सम्मानपूर्ण व्यवहार गरिनु पर्दथ्यो । यसका पछाडीको कूटनीतिक कारणहरुमा नेपाली काँग्रसको आश्रयदाता भारतको शासन राजा महेन्द्रमाथी दबाब दिने पक्षमा त थियो, तर उनिमाथी घातक प्रहारको पक्षमा थिएन भन्ने तथ्यपनि प्रमुख थियो । उता पञ्चायती सरकारले उनको गाउँमा उनको घरपरिवारका सदस्यलाई पक्राउ गर्ने र निर्मम यातना दिनेगरेको समाचारपनि उनिसम्म पुगिरहेको थियो ।

मृत्युदण्ड दिने दिन उनलाई श्रीमति ( काशीदेवी) र आमा सुकुमारीदेवीसंग भेँट गर्न दिइएको थियो । गणतन्त्र आउँदा तत्कालीन तराईमधेश लोकतान्त्रिक पार्टी (हाल राजपामा विलय) को तर्फबाट मनोनित सांसद भएकी श्रीमती काशीदेवीका अनुसार भेँटका बेला आफूहरु दु:खी हुँदा दुर्गानन्दले आफू देशको निम्ति बलिदान दिन लागेको र आफ्नो बलिदान व्यर्थ न हुने, देशमा निश्चय नै गणतन्त्र आउने भन्दै दु:खी न हुन भनेको थिए । दुर्गानन्दसंगै जेलपरेका र आजीवन कारावास सजाय भोगेका अरविन्द ठाकुरले पनि आफ्ना कयौं अन्तरवार्तामा मृत्युदण्डको बेला उनको उच्च र उदात्त मनोभावको चर्चा गरेका छन् । अरविन्द ठाकुरको केही वर्ष पहिले मृत्यु भएको हो ।



दुर्गानन्द नेपालमा गणतन्त्रको सपना र विश्वास सहित शहादत दिएको पहिलो शहीद हुन् । अफसोस, वैचारिक मतान्तरको कारण उनि सम्बद्ध पार्टी नेपालीकाँग्रेसले (कम से कम पार्टी भित्र भएपनि) उनलाई लामो समयसम्म शहीद घोषणासम्म गर्न रुचि देखाएन । देशमा शहीद सप्ताह मनाउने परम्परा पुरानो हो । माघ १० गते देखि १६ गतेसम्म राणाविरोधी संघर्षमा शहादत दिएका चारजना शहीद शूक्रराज शास्त्री, धर्मभक्त, गंगालाल र दशरथचन्दको नाममा मात्र शहीददिवस मनाउने परम्परा राजाकाल देखिको हो । यसै सात दिनभित्रकै तिथि (माघ१५)मा दुर्गानन्दले शहादत दिएका थिए । तर यो राजाशाहीकै प्रभाव थियो कि गणतन्त्रको निम्ति शहादत दिने महान नायकहरु ओझेलमा परेका थिए । देशमा गणतन्त्र आएपछि मात्र उनि शहीद घोषित भएका हुन् । साँच्चै दुर्गानन्द गणतन्त्रका शहीद हुन् र यो गणतन्त्र उनिजस्तै हजारौं महानायकहरुको शहादतको परिणाम हो ।

अफसोच, शहीदहरुको रगतबाट प्राप्त यस गणतन्त्रका सञ्चालकहरु देश र जनताको हितलाई उपेक्षा गर्दै र लोकतन्त्रलाई चतुऱ्याँईपूर्वक चुनावी व्याख्यामा फँसाएर नाफा र धनि वर्गको हातमा सुम्पेर लूट मच्चाइरहेका छन् । मेहनत गरेर खाने वर्ग चुनावी दासमा परिणत भएको छ र ठगिएको महसूस गर्दैछ । यी चतुर राजनीतिज्ञहरुले एउटा यस्तो धूत्याँईपूर्ण गफेरी व्यवस्था जनतामाथी लादेका छन्, जस्मा गरिखाने वर्गको मतबाट गरिखाने वर्गमाथी नै शासन गरिन्छ । शासकवर्गले आफ्नो निम्ति पुस्तौं पुग्ने सम्पत्ति जोडछन र जनताको थाल रित्तो नै रहन्छ । र यस धूत्याँईपूर्ण व्यवस्थाबाट मुक्ति पाउने संघर्षलाई उनिहरुले अलोकतान्त्रिक र अराजक भन्दछन् । निश्चय नै दुर्गानन्दले कल्पना गरेको र हाँसी हाँसी मृत्युवरण गरेको गणतन्त्र यो होइन । यो अधूरो गणतन्त्र हो । दुर्गानन्द सांगठनिकरुपमा नेपालीकाँग्रेसका सदस्य भएपनि उनले देखेको सपनाको गणतन्त्र सबैको हो र गणतन्त्रको निम्ति संघर्ष गर्ने सबैको निम्ति उनि महान शहीद हुन् । अहिले जसरी राजनीतिमा गैरवैचारिकता र नाफा चिन्तन बढदै गएको छ र युवापंक्ति विविध नक्कली प्रवाहमा दिग्भ्रमित हुँदैछन, यस्तो परिस्थितिमा शहीद दुर्गानन्दको शहादत र उनको जनहित प्रति प्रतिबद्ध गणतन्त्रको सपनालाई नयाँ सन्दर्भमा परिभाषित गर्नु, ग्रहण गर्नु र त्यसबाट प्रेरणा प्राप्त गर्नु आवश्यक छ ।

# ईपिजीको प्रतिवेदन मधेशले सिधै अस्वीकार गर्छ : झा



अनिल झा

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्ष मण्डलका सदस्य अनिल झाले मधेशले ईपिजीको प्रतिवेदनलाई सिधै खारेज गर्ने दाबी गरेका छन् । भारतको ७० औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा काठमाडौंमा भएको कार्यक्रममा बोल्दै उनले भने,'ईपिजीमा एकजना पनि बोर्डरमा बस्ने मधेशी समुदायको मान्छे सहभागी थिएनन् । बोर्डरमा के समस्या छ ? हाम्रो रोटीबेटीको सम्बन्ध भनेपछि त्यो कुन प्रकारले अघि बढ्ने हो र कुन प्रकारले बढिरहेको थियो ? र कुन प्रकारले बढ्नुपर्छ भनेर निर्णय गर्दा हाम्रो कुनै पनि सहभागिता नभएकोले त्यो प्रतिवेदन हामी कुनै पनि हालतमा स्वीकार्दैनौं ।'

झाले नेपाल सरकारले यदि त्यसलाई यथास्थितिमा अघि बढाए आफूहरुले त्यसको विरोध गर्ने चेतावनी दिए । उनले भने,'त्यसैले त्यसको रिभ्यु हुनुपर्छ । त्यसमा मधेशी समुदायको स्टेक हुनुपर्छ ।' उनले नेपाल-भारत द्धिपक्षीय सम्बन्ध सदियौंदेखि अत्यन्तै प्रगाढ रहेको सुनाउँदै आगामी दिनमा पनि सम्बन्ध सुमधुर बनाउनुपर्नेमा जोड दिए । उनले भने,'नेपाल-भारत सम्बन्ध हामीले बनाएको होईन, यो त युगौं अघिदेखि निर्मित हो । हामीबीचको सम्बन्ध अतुलनीय छ ।' उनले नेपाल-भारत द्विपक्षीय सम्बन्धमा आँच आउने काम कसैले पनि गर्न नहुने धारणा व्यक्त गरे । उनले थपे,'हामीबीच नदी साझा, चराचुडी साझा, भगवान साझा, सैतान साझा सबै साझा छन् । हामीबीचको सम्बन्धमा जे कुरामा पनि साझा लगाउँदा पुग्छ ।'

यस्तै, नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थमन्त्री डा. रामशरण महतले नेपाल-भारत सम्बन्ध बहुआयामिक भएको बताए ।

डा. महतले भारतले नेपाल लगायत विश्वका धेरै देशलाई अनुकरणीय काम गरेर मार्गदर्शन गरेको पनि बताए । नेपाल-भारतबीचको सम्बन्ध ऐतिहासिक भएको जिकिर गर्दै डा.महतले भारतको स्वतन्त्रता संग्राममा नेपालको सहयोग र नेपालमा राणा शासन अन्त्य गर्नका लागि भारतको भूमिका महत्वपूर्ण रहेको स्मरण गराए ।

नेपाल आर्थिक विकासको युगमा प्रवेश गरेको उल्लेख गर्दै महतले भारतको सहयोग अपरिहार्य रहेको बताए । नेपाल आफैं पनि आन्तरिक रुपमा बलियो हुनुपर्ने बताउँदै उनले भारतको आर्थिक सहयोग नेपालका लागि महत्वपूर्ण हुने बताए ।

नेपाल-भारत प्रवृद्ध व्यक्ति समुहले तयार पारेको प्रतिवेदनलाई नेपाल र भारत सरकारले बेवास्ता गरेको हो कि भनेर महतले आशंका व्यक्त गरेका थिए । डा.महतले ईपिजी प्रतिवेदनलाई दुवै सरकारले महत्व दिनुपर्नेमा जोड दिए ।

## मधेश अपडेट

### चोर खोज्दै नेपाल प्रहरी

राकेश यादव, रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिका वड़ा नम्बर १ बाट सशस्त्र प्रहरीका गस्ती टोलीले इटालियन पिस्तौल सहित १ जनालाइ पक्राउ गरेका छन् ।

नेपाल प्रहरीले व्यापक रुपमा विशेष प्रहरी परिचालन गरे पनि सफलता सशस्त्र प्रहरीले हाथ परेका छन । गोप्य सूचनाको आधारमा तैनात भएका सशस्त्र प्रहरी बल बी ओ पि औरैयाका टोलीले चेकजाच गर्ने क्रममा २ वटा हथियार सहित स्थानीय गौर नगरपालिका वड़ा नम्बर ४ निवासी ४७ वर्षीय नकुल पटेललाइ पक्राउ गरेको हो ।

### नगरपालिका खुल्ला दिसामुक्त घोषणा

कपिलवस्तु । नेपालको दोस्रो पुरानो नगरपालिका कपिलवस्तु नगरपालिका वडा नं. १ लाई एक कार्यक्रमकाबीच खुल्ला दिशा मुक्त, पुर्ण साक्षर र पुर्ण भर्ना घोषणा गरिएको छ । कपिलवस्तु नगरपालिकाका १२ वटा वडामध्ये एक नम्बर वडालाई खुल्ला दिशा मुक्त, पुर्ण साक्षर र पुर्ण भर्ना घोषणा गरिएको हो । १२ वटा वडा रहेको कपिलवस्तु नगरपालिकामा प्रथम पटक वडा नम्बर १ लाई खुल्ला दिसामुक्त गर्न सफल भएता पनि बाँकी ११ वटा वडालाई खुल्ला दिसामुक्त घोषणा गर्न बाँकी छ । संघीय सांसद बृजेश कुमार गुप्ता, प्रदेश सांसद धर्मबहादुर लाल श्रीवास्तव, रीना नेपाल, निमित्त प्रमुख जिल्ला अधिकारी नर बहादुर खड्काको उपस्थितिमा वडा अध्यक्ष सुदिप पौडेलले वडा नम्बर १ लाई खुला दिसामुक्त, पुर्णसाक्षर र पुर्णभर्ना भएको घोषणा गरेका हुन् । कार्यक्रममा हाल वडा नं. १ का ९० प्रतिशत घर धुरीमा शौचालय बने पछि उक्त वडालाई खुल्ला दिशा मूक्त क्षेत्र घोषणा गरिएको हो ।

### नर्सले मनाए नर्सिङ दिवस

जनकपुरधाम । जनकपुरका नर्सले कार्यक्षेत्र सुरक्षित बनाउन सरकारसमक्ष माग गरेका छन् । नर्सिङ्ग दिवसका अवसरमा नर्सले कार्यस्थल असुरक्षित भएकोले काम गर्न असहज भएको भन्दै सुरक्षित कार्यक्षेत्रको माग गरेका हुन् ।

स्वास्थ्य संस्थामा कार्यरत्त नर्स तथा नर्सिङ्ग पढिरहेका विद्यार्थीले सुरक्षित कार्य क्षेत्र भए मात्र नर्सिङ्ग सेवा गुणस्तरीय बन्ने बताए । संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुरेन्द्र यादवले भरपर्दो स्वास्थ्य सेवाका लागि गुणस्तरीय स्वास्थ्य शिक्षा प्रमुख चुनौति रहेको बताए ।

प्रदेश २ का सामाजिक विकास मन्त्री नवल किशोर साहले नर्स स्वास्थ्य सेवाको प्राण रहेको बताए । प्रदेशभरिका सबै विद्यालयमा एक-एकवटा नर्स तुरुन्त व्यवस्थाप गर्न लागिएको उनको भनाई छ ।

### 'संघीय सरकारको नारा कागजमै सीमित'

वीरगन्ज । प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउतले सिंहदरबारमा लुटेरामात्र बसेको आरोप लगाएका छन् । वीरगन्ज उद्योग वाणिज्य संघको ४३ औं साधरणसभाबाट निर्वाचित पदाधिकारी र सदस्यको शपथग्रहण कार्यक्रममा बोल्दै मुख्यमन्त्री राउतले यस्तो आरोप लगाएका हुन् । सुखी नेपाली समृद्ध नेपाल भन्ने संघीय सरकारको नारा कागजी नारा मात्र भएको उनको आरोप छ ।

सरकारको नीति र त्यो नीति कार्यान्वयन गर्ने तहमा बसेकाको गलत नियतकै कारण मुलुकको समृद्धि र विकास हुन नसकेको राउतको भनाइ छ । संघीय सरकारलाई लक्षित गर्दै मुख्यमन्त्री राउतले सिंहदरबारमा बसेकाले देशका उद्योगी व्यपारीलाई पनि लुटिरहेको आरोप लगाए ।

त्यसैगरी एक अर्को प्रसंगमा राउतले संविधान जारी गरेर दिपावली मनाएका दलले नै संविधान कार्यान्वयन गर्न नचाहेको आरोप लगाए । 'हिजो संविधान जारी गर्ने बेला दिपावली गरेर खुशीयाली मनाएकाले नै अहिले संविधान कार्यान्वयन गर्न चाहिरहेका छैनन्। उनीहरु देश लुट्न मात्र व्यस्त छन्', उनले भने ।

### गौर नगरपालिकाले ल्यायो दिवा खाजा कार्यक्रम

रौतहट । विद्यालय बाहिर रहेका वाल बालिकाहरुलाई विद्यालयमा ल्याउनका लागि गौर नगरपालिका कार्यालयले नयाँ कार्यक्रम सञ्चालनमा ल्याएको छ । बाल-बालिकाहरुलाई लक्षित गरेर नगरपालिकाले शैक्षिक सत्र २०७५ देखि लागू हुने गरी दिवा खाजा कार्यक्रम सञ्चालन गरेको हो । नगर क्षेत्र भित्रमा सञ्चालनमा रहेका १८ वटा सामुदायिक विद्यालयमा चालू शैक्षिक वर्ष देखि दिवा खाजा कार्यक्रम लागु गरिएको नगर शिक्षा शाखाका प्रमुख गणेश गिरीले बताए । रौतहट जिल्लामा २ गाउँपालिका र १६ नगरपालिका गरी १८ स्थानीय तह रहेकोमा यस्तो कार्यक्रम सञ्चालन गर्ने गौर नगरपालिका पहिलो नगरपालिका रहेको छ ।

### जनकपुरमा अन्तर्राष्ट्रिय नाट्य महोत्सव हुने



जनकपुरधाम । जनकपुरमा साहित्य कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव हुने भएको छ । मैथिली विकास कोषले जनकपुरमा कला, साहित्य तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवको आयोजना गर्न लागेको हो।

महोत्सव फाल्गुन १८ गतेदेखि २३ गतेसम्म चल्ने कोषका अध्यक्ष जीवनाथ चौधरीले जानकारी दिए । ६ दिनसम्म चल्ने महोत्वसमा १० वटा नाटक मञ्चन गरिनुका साथै राजनीति, कला, संस्कृति, भाषालगायतका विषयमा गहन छलफल गरिने उनले बताए ।

महोत्सवमा नेपाल तथा भारतका साथै बंगलादेश र अफगानिस्तानका नाट्य समूहरुको समेत सहभागीता रहने छ । महोत्सवमा सहभागी हुन श्रीलंका र केहि युरोपियन मुलुकलााई आमन्त्रण गरिए पनि जनकपुरमा उपयुक्त थिएटर हल नभएकाले आउन नमानेको अध्यक्ष चौधरीले बताए ।महोत्सवमा भारतबाट आउने नाट्य समूहले हिन्दी, भोजपुरी र मैथिली गरी तीनवटा नाटक मञ्चन गर्नेछन् । यसैगरी बंगलादेश र अफगानिस्तानबाट आउने नाट्य समूहले आफ्नै भाषामा नाटक मञ्चन गर्ने बताइएको छ । यसैगरी काठमाडौंबाट सहभागी हुने नाट्य समूहले नेपाली र जनकपुरको टोलीले तीनवटा मैथिली नाटक मञ्चन गर्ने कार्यक्रम तय भएको कोषका अध्यक्ष चौधरीले जानकारी दिए । मैथिली विकास कोषले यसअघि २०७३ सालमा पहिलो पटक कला साहित्य एवं नाटक महोत्सवको आयोजना गरेको थियो ।

### अन्तिम किस्ता रकम वितरण

बाँके । जनता आवास कार्यक्रम अन्तर्गत घर बनाएका बाँके र बर्दियामा लक्षित घर परिवारले घर निर्माण गरेको दुई वर्षपछि अन्तिम किस्ता रकम प्राप्त गर्ने भएका छन् । सहरी विकास तथा भवन कार्यालय नेपालगञ्जका अनुसार आ.व २०७३/०७४ मा सम्झौता भएर घर निर्माण गरेको करिब दुई हजार घरपरिवारले केहि दिनमा अन्तिम किस्ता प्राप्त गर्ने भएका छन् ।

दुई वर्ष अघि घर निर्माणका लागि बाँकेका ९८१ र बर्दियाका ९५५ जनाले सम्झौता गरेका थिए । तीमध्ये केहिले तेस्रो र अधिकांशले अन्तिम किस्ता पाउन बाँकी रहेको छ । घर बनाएर पनि रकम भुक्तानी नपाएको भन्दै सम्बद्ध व्यक्तिहरु स्थानीय तर र कार्यालय धाइरहँदा रकम भुक्तानी हुन सकेको थिएन ।

### समयमै लाइसेन्स नबन्दा समस्या

कैलाली । यातायात व्यवस्था कार्यालय कैलालीले स्मार्ट लाइसेन्सका लागि प्रक्रिया शुरु गरेको डेढ वर्षसम्म सेवाग्राहीले लाइसेन्स पाउन सकेका छैनन् । कार्यालयमा हालसम्म २४ हजारले लाइसेन्सका लागि आवेदन दिएका भए पनि तीमध्ये करिब सात हजारले मात्रै स्मार्ट लाइसेन्स पाएका छन् ।

आवेदन बुझाएर सवारी चालक अनुमतिपत्रको पार्खाइमा रहेका व्यक्तिहरु डेढ वर्षसम्म स्मार्ट लाइसेन्स नपाउँदा सास्ती भोग्नु परेको गुनाशो व्यक्त गर्न थालेका छन् । डेढ वर्षअघि लाइसेन्सका लागि आवेदन बुझाएका घोडाघोडी नगरपालिका-६ बछुरियाका दिपेश बोहोराले स्मार्ट लाइसेन्स नपाउँदा दैनिक समस्या भोगी रहेको बताए ।

# नेपाल – भारत सम्बन्ध बारे दिल्लीमा छलफल

काठमाडौं । नेपाल र भारत सम्बन्धका जनस्तरीय आयामहरूबारे दिल्लीमा छलफल भएको छ । नेपाली जनसम्पर्क समिति भारतको आयोजनामा छलफल भएको हो । छलफलका लागि जनसम्पर्क समितिले नेपालबाट १२ जना पूर्वमन्त्रीलाई आमन्त्रण गरेको छ ।

छलफलमा नेपाली प्रतिनिधि मण्डलका अलावा नेपाली दूतावास भारतका कार्यवाहक राजदूत भरतकुमार रेग्मी, नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं जनसम्पर्क समिति भारतका अध्यक्ष बालकृष्ण पाण्डे, नेकपाका केन्द्रीय सदस्य लक्ष्मण पन्त, भारतीय जनता पार्टीका युवा नेता विजय जोली, प्रवासी नेपाली संघकी केन्द्रीय उपाध्यक्ष सीता अधिकारी लगायतको उपस्थितिमा थियो ।




*नेपाल र भारत सम्बन्धका जनस्तरीय आयामहरूबारे दिल्लीमा भएको छलफल सहभागीहरु*

नेपाली दूतावासका कार्यवाहक राजदूत भरतकुमार रेग्मीले सच्चा नेपाली राजदूत प्रवासी नेपाली भएको बताए । उनले भने, 'नेपाल सरकार प्रवासी नेपालीसँग मिलेर काम गर्न तयार छ ।'

यस्तै नेपाली जनसम्पर्क समिति भारतका अध्यक्ष बालकृष्ण पाण्डेले विगतमा नेपाली नेताहरूले देशमा अप्ठारो परी भारत आउँदा प्रवासी नेपालीहरूले नेतालाई सहगोग गर्ने गरेको तर नेपाली नेताहरूले कहिले पनि प्रवासी नेपालीका समस्या नेपालको संसद्मा जोडतोडका साथ नउठाएको गुनासो गरे ।

त्यसैगरी भारतीय जनता पार्टीका युवा नेता विजय जोलीले नेपाल-भारत सम्बध कसैले हटाएर नहट्ने बताए । नेपालप्रति अटूट विश्वस र माया रहेको उनको भनाइ छ ।

# ६७ वर्षको सपना पूरा हुने निश्चित

रौतहट । गौर नगरपालिका वडा नम्बर ७ सिसवाका स्थानीयहरुको वर्षौ देखिको सपना पूरा हुने भएको छ । विकास प्रेमी शिक्षा प्रेमी गौर नगरपालिकाका नगर प्रमुख अजय कुमार गुप्ता तथा विकासको यात्रामा सँगैसँगै सहयात्रीको भूमिका निर्वाह गर्दै आइरहेका युवा, इन्मानदार एवं सकारात्मक सोच बोकेका प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्कीको प्रयासको कारण उक्त वडाका स्थानीयहरुको ६७ वर्ष को सपना पूरा हुने निश्चित भएका हुन् ।

गौरका शिक्षा ,स्वास्थ्य ,भौतिक पूर्वाधारको साथ साथै खेलकूद ,सामाजिक विकासको क्षेत्रमा अग्रसर भएका मेयर गुप्ता , प्रमुख प्रसाशकीय अधिकृत कार्कीको टोलीले उक्त वड़ामा संचालित सरस्वती निम्न माध्यमिक विद्यालयलाइ माध्यमिक तहमा स्तरउन्नती गर्नका लागि सोमवार स्थलगत निरिक्षण गरेका छन । २००८ सालमा सो विद्यालयको स्थापना भएको छ । प्राथमिक तह सञ्चालन गर्नका लागि स्थापना भएको सो विद्यालय २०६३ साल तीर निम्न माध्यमिक तह सञ्चालन गर्ने अनुमति पाएका थिए ।

अनुमति पाए देखि निम्न माध्यमिक तह सञ्चालन गर्दै आएका उक्त विद्यालयलाइ अव माध्यमिक तह सम्मको कक्षा सञ्चालन गर्ने अनुमति



दिइने मेयर गुप्ता ले बताएका छन । ७ सय विद्यार्थी अध्यन गरिरहेका विद्यालयको लागि ४ कोठे नया भवन निर्माणको लागि बजेट स्वीकृत भइसकेको र चाडै निर्माण कार्य प्रारम्भ हुने मेयर गुप्ताले बताए ।

कार्य व्यस्तताको बाबजूद पनि स्थलगत विद्यालय निरिक्षण अनुगमन गर्न समय निकाल्ने मेयर गुप्ताले पहिलो प्राथमिकता शिक्षा सुधार रहेको जिकिर गरे । कक्षा कोठामा गएर शिक्षकहरुको कार्यको बारेमा विद्यार्थी हरुको अनुभव सुन्ने मेयर गुप्ताले नगरपालिकाको सवै भन्दा पछि परेको वड़ाको रुपमा सिसवा रहेको बताए ।

पिछडिएको वड़ालाइ विकासको स्तर उकास्नु पर्ने जरुरी रहेको भन्दै मेयर गुप्ताले अवको ध्यान विशेष रुपमा लगाउने दावी गरे । विद्यालयको स्थापना गर्न निशुल्क जग्गा दिने स्वर्गीय राजनारायण पाण्डेयका छोरा हरिशंकर पाण्डेयले मेयर गुप्ताको कारण बूबाको सपना साकार हुने भएको प्रतिक्रिया दिएका छन ।

स्थानीय निर्वाचनमा राजपा नेपालको तर्फबाट वड़ा अध्यक्षको प्रत्यासी समेत रहेका पाण्डेयले वुबा गा वि स अध्यक्ष हुदा २०२८ सालमा विद्यालयको लागि जग्गा दान गर्नु भएको बताएका छन । विद्यालय स्थापना भईसके पछि सोही गाउका रामदेव साहले १ कट्ठा , राजिन्द्र पाण्डेयले १ कट्ठा जग्गा निशुल्क दिएको समेत नेता पाण्डेयले जानकारी गराए । विद्यालयका पुराणो ५ कोठे भवन जीर्ण रहेको छ । प्रयाप्त क्षेत्र फल नभए पनि विद्यालयमा अहिलेको भौतिकपूर्वाधार राम्रो रहेको छ । माध्यमिक तह भएपछि स्थानीय बालबालिकाहरुलाई शिक्षा हासिल गर्न सहज हुने गौर नगरपालिकाका प्रमुख प्रसाशकीय अधिकृत कार्कीले बताए । बालबालिकाको शिक्षामा सहज पहुंचको सुनिश्चितता हुनु पर्ने धरना राखे ।

वड़ा अध्यक्ष मजहर खा ले माध्यमिक तह भई सके पछि स्थानीयहरु हर्षित हुने बताएका छ । उहाले मुस्लिम समुदायको बसोवास भएकोले विद्यालयको स्तरउन्नती आवश्यक रहेको उल्लेख गरे ।

धार्मिक शिक्षा प्रति विस्वास राख्ने मुस्लिम समुदायले माध्यमिक विद्यालय गाउमा भएपछि आ आफ्नो वालबालिकाहरुलाई अध्यनको लागि यस विद्यालयमा पठाउने तर्फ उन्मुख हुन सकने उहाको विश्वास रहेको छ । विद्यालयमा शिक्षकको कमी रहेको विद्यालयका प्राध्यानध्यापक नवल किशोर सिंहले बताए ।

शिक्षकको आभावले कक्षा सञ्चालन गर्न कठिनाई भैरहेकोले शिक्षकको व्यवस्था हुनु पर्ने जोड़ दिए । उहाले विद्यालयमा रहेको शिक्षकको समस्या समाधान गर्न मेयर गुप्तालाइ आग्रह समेत गरे । मेयर गुप्ताले छिटै शिक्षकको व्यवस्था गर्ने आश्वासन दिएका छन् ।

# वीरगञ्जमा शहीद पार्कको शिलान्यास



वीरगञ्ज । वीरगञ्जको बिपी उद्यानमा शहीद पार्कको शिलान्यास गरिएको छ । प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत गद्दी र भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनलले संयुक्त रुपमा शहीद पार्कको शिलान्यास गरेका छन् ।

सो अवसरमा मुख्यमन्त्री गद्दीले शहीदको बलिदानबाट नै सङ्घीय लोकतान्त्रिक गणतन्त्र र तीन तहको सरकारलगायतका उपलब्धि हासिल भएको धारणा व्यक्त गरे । उनले शहीदको बलिदानलाई सम्मान गर्दै वीरगञ्जमा निर्माण हुन लागेको शहीद पार्कमा जति रकम लागेपनि प्रदेश सरकारले ब्यहोर्न तयार रहेको बताए ।

भौतिक पूर्वधार विकास मन्त्री सोनलले शहीदको बलिदानलाई उच्च सम्मान गर्दै उहाँहरुको सम्झनामा प्रदेशको तीन स्थानमा शहीद पार्क निर्माण गर्ने प्रदेश सरकारले निर्णय गरेको जानकारी दिए । उनले वीरगञ्जको घन्टाघर नजिकै रहेको बिपी उद्यान तथा सप्तरीको मलेठ र भारदहमा पार्क निर्माण गर्ने सरकारले निर्णय गरेको पनि बताए । वीरगञ्जको शहीद पार्कका लागि प्रदेश सरकारले हाल रु ७५ लाख विनियोजित गरेको र आवश्यकताअनुसार रकम थपिँदै जाने मन्त्री सोनलले जानकारी दिए ।

# संविधानको मर्मअनुसार नागरिकता संशोधन विधेयक ल्याउन सुझाव

काठमाडौं । नागरिकतासम्बन्धी नेपालको संविधानको प्रावधान तथा यसको मर्म, भावनालाई बुझेर 'नेपालको नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' ल्याइनुपर्ने सुझाव दिइएको छ ।

प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको 'नेपालको नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' संशोधनमाथिको बुँदागत छलफलमा सांसदले सो सुझाव दिँदै आमाको नामबाट नागरिकता जारी हुने प्रावधानलाई अझ सरलीकृत बनाई 'आमालाई वंशमा' स्थापित गराउनुपर्ने बताए ।

उनीहरुले जन्मसिद्ध नागरिकताबाट जन्मेका तथा नेपालको नागरिकता ऐन, २०६३ जारीको समयमा नागरिकता लिन बालिग नपुगेकालाई अहिले नागरिकता लिन समस्या भएकोतर्फ सरकारको ध्यानाकर्षण गराएका थिए । गृहमन्त्रालयका अनुसार सो ऐन जारी भएपछि घुम्ती शिविर र जिल्ला प्रशासन कार्यालयबाट २५ लाख ५४७ ले नेपाली नागरिकता लिएका थिए । तीमध्ये एक लाख ९० हजार जन्मसिद्ध रहेका थिए ।



संविधान कार्यान्वयन गर्न सो ऐनलाई महत्वपूर्ण मानिन्छ । सांसद यशोदा गुरुङ सुवेदी र अमृता थापाले आमाको नामबाट नागरिकता जारी हुने प्रावधानलाई अझ सरलीकृत बनाई 'आमालाई वंशमा' स्थापित गराउनुपर्ने जोड दिइन । सांसद हृदयेश त्रिपाठीले संविधानको भावनाअनुसार नै नागरिकता विधेयक ल्याउन सरकारले कञ्जुस्याइँ गर्न नहुनेमा बताए ।

सांसद दिलेन्द्रसाद बडू , अमरेशकुमार सिंह र भरतकुमार शाहले आफ्ना देशका नागरिक नागरिकता प्राप्तिबाट वञ्चित हुन नपरोस् भन्ने कुरालाई सरकारले विशेष ध्यान दिन सुझाव दिए । सांसद लक्ष्मणलाल कर्णले नागरिकता प्राप्तिमा सरकार बाधक बन्न नहुने बताए ।

## प्रधानमन्त्रीले लोकतन्त्रको उपहास गरे : मिश्र

काठमाडौ । राष्ट्रिय जनता पार्टी निकट राष्ट्रिय विद्यार्थी संघका अध्यक्ष मनिष मिश्रले आफ्नो पार्टीसँग छलफल नै नगरी प्रधानमन्त्रीले स्ववियूको निर्वाचनको मिति तोकेकोमा आपत्ति जनाएका छन् ।

संघीय लोकतान्त्रिक देशको प्रधानमन्त्रीले जनमतको कदर नगरी आफूखुसी निर्णय गरेकोमा र बैठकमा समेत आफ्नो पार्टीलाई सहभागी नगराईको प्रति उनले असन्तुष्टि जनाएका छन् ।

स्वतन्त्र विद्यार्थी यूनियनको निर्वाचन हजारौको अंगभंग र सहादत स्वरूप स्थापित भएको हो । स्ववियूको निर्वाचनलाई सरकारी सत्ता र शक्तिको बलमा तहसनहस पार्न कदापी नदिने उनले बताए । प्रधानन्त्रीले लोकतन्त्रको उपहास गरी स्ववियू निर्वाचनको मिति



तोकेपनि निर्धारित समयमा देशका सबै ठाउँमा निर्वाचन हुन नसक्ने उनको धारणा छ ।

ओलीलाई प्रधानमन्त्री बनाउन तेस्रो ठूलो पार्टी राजपाको मत समेत रहेको जनाउँदै मिश्रले लोकतन्त्रमा सबै मतको कदर गर्नुपर्ने उल्लेख गरेका छन् ।

## समन्वय गोष्ठी कार्यक्रम सम्पन्न

इमरान खान, कपिलवस्तु, । बोर्डर क्षेत्रहरुमा बर्षो देखी पशु तथा पशुजन्य उत्पादन सामाग्री आयात गर्दा स्वास्थ्य अस्वास्थ्य चेक जाँच गरी नेपाल भित्र्याउने सम्बन्धी काम गर्दै आएको पशु क्वारन्टाइन कृष्णनगर कपिलवस्तुको अयोजनामा पशु क्वारन्टाइन समन्वय अन्तरक्रिया गोष्ठी कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रमको प्रमुख अतिथी प्रमुख पशु चिकित्सक डा.सम्झना काफ्ले(पशु सेवा बिभाग) आमन्त्रित वरिष्ठ पशु चिकित्सक पशु क्वारन्टाइन भैरहवाका डा.गाँधी राय उपाध्यय, ईलाका प्रशासन कार्यालय चन्द्रौटा शाखा अधिकृत जगदीश आर्यल,पशु क्वारन्टाइन कृष्णनगर शाखा प्रमुख अनिलकुमार शर्मा लगायतको उपस्तिथी रहेको थियो ।

## समसामायिक समाचार

### विधेयकमा राजपाको संशोधन प्रस्ताव

काठमाडौं । राष्ट्रिय सभामा पेश भएको चिकित्सा शिक्षा विधेयकमा राजपा नेपालले संशोधन प्रस्ताव दर्ता गराएका छन् । यो सँगै विधेयकमा ३ वटा संशोधन परेको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका ४ जना र राजपाका एक सांसदले अनसनरत डाक्टर गोविन्द केसीसँग सरकारले गरेको सम्झौता विधेयकमा राख्न भन्दै संशोधन हालेका हुन् । उनीहरूले प्रस्तावनादेखि नै डाक्टर केसीसँग यसअघि गरिएको सम्झौता अनुसारको भाषा राख्न माग गरेका हुन् । संशोधन हाल्ने सांसदहरू राजपाका वृषेशचन्द्र लाला, नेपाली कांग्रेसका राधेश्याम अधिकारी, सरिता प्रसाईं, प्रकाश पन्थ र बन्द्री प्रसाद पाण्डे हुन् ।

### वार्षिक उत्सवको अवसरमा कार्यक्रम

नेहाल खान, वीरगन्ज । साउथ जोन मा.वि को १० औं वार्षिक उत्सवको अवसरमा साताव्यापी कार्यक्रमको आयोजना गरिएको छ । साताव्यापी कार्यक्रम अन्तर्गत प्रथम दिन मानव सेवा आश्रममा रहेका आश्रित बृद्धबृद्धाहरुलाई खाद्यान्न सामग्री, स्वास्थ्य सामग्री र स्ट्रेचर लागयतका सामानहरु मानव सेवा आश्रमको प्रांगणमा हस्तान्तरण गरिएको छ । साउथजोन माध्यमिक विद्यालयका प्रधानध्यापक सरोज चौधरीको अध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा मानव सेवा आश्रमका सहयोगी प्रकाश थारुलाई हस्तान्तरण गरिएको थियो । विभिन्न सर-समानहरुलाई आश्रममा भएका सेवा दिने युवा युवतीहरुलाई विद्यालयका प्रधानध्यापक सरोज चौधरीले बेडसिट, खाद्यन्य सामाग्री, औषधिहरु दिएका थिए । विद्यालयमा रहेका कक्षा ९ मा अध्यनरत १२९ जना छात्रछात्राहरुले यस १०औं वार्षिक उत्सव कार्यक्रमको साताव्यापी अभियानमा सरिक भई मानव सेवा आश्रममा आएका थिए ।

### पानीमा डुबेर बालकको मृत्यु

कैलाली । गौरीगंगा नगरपालिका-१ लठैयास्थित लालइँटाभट्टामा काम गर्ने असिम मोहम्मदको छोरोको मृत्यु भएको छ। अन्दाजी १० महिनाको छोरा आरिब मोहम्मदको सोही स्थानमा रहेको पानी भरिएको खाल्डोमा डुबेर मृत्यु भएको हो । डुबेर अशक्त भएका उनको प्राथमिक स्वास्थ्य चौकी चौमालामा उपचारको क्रममा मृत्यु भएको हो ।

### प्रदेश २ मा चरम गरिबी

काठमाडौं । भौगोलिक रुपमा सबैभन्दा सुगम र आठवटै जिल्लालाई पूर्व पश्चिम राजमार्गले छोएको प्रदेश-२ मा गरिबीको अवस्था कहालीलाग्दो छ । सरकारले छुट्याएको बजेट लक्षित वर्गको हितमा खर्च गर्नुको साटो दुरुपयोग गर्ने क्रम बढेकाले शिक्षा र स्वास्थ्यको अवस्था नाजुक हुनुका साथै गरिबीले कहाली लाग्दो रुप लिएको हो । मुलुकको कुल जनसंख्याको २० दशमलव चार शुन्य प्रतिशत अर्थात ५४ लाख ४ हजार १ सय ५४ जना मानिस प्रदेश-२ मा बस्छन् । त्यसमध्ये २८ प्रतिशत मानिसको गरिबीको अवस्थामा छन । विशिष्ट पाहुनाको स्वागत सत्कार र भोजभतेरमा झण्डै ५ करोड खर्च गरेको प्रदेश सरकारले गरिब गुरुवाका लागि अहिलेसम्म खासै कार्यक्रम ल्याएको छैन । प्रदेश-२ मा सबैभन्दा ठूलो औद्योगिक करिडोर, आधुनिक एकीकृत भन्सार, प्रमुख भन्सार नाका, उर्वर भूमि, सडक, विमानस्थल लगायत पूर्वाधार छन् । यसका बाबजुद यो प्रदेश शिक्षा र स्वास्थ्यमा कर्णाली प्रदेश भन्दा पनि पछि छ । यसको मुख्य कारण लक्षित वर्गले लाभ नपाउनु र सरकारी बजेटको चरम दुरुपयोग गरिनु हो ।

### राष्ट्रिय युवा नेतृत्वको कार्यक्रम संचालन

नेपालगन्ज । लीडरशिप एकेडेमी, अमेरिकास्थित युनिभर्सिटी अफ सान्डिएगो क्रक स्कुल र क्रक इन्स्टिच्युट फर पिस एण्ड जस्टिस University of San Diego, Kroc School & Kroc Instituite for Peace and Justice (IPJ) को संयुक्त आयोजनामा सञ्चालित राष्ट्रिय युवा नेतृत्व अध्ययन कार्यक्रम कार्यक्रम -Nepali Emerging Leaders Program_ दोस्रो शैक्षिक सत्र प्रदेश नम्बर ५ बाँके जिल्लाको नेपालगञ्जबाट सुरु भएको छ । कार्यक्रममा देशका सातै प्रदेशबाट ४२ जना रहेका छन् । देशको पूर्वदेखि पश्चिम तथा पहाड, हिमाल र तराई तीनै क्षेत्रको प्रतिनिधित्व हुनेगरी हरेक प्रदेशबाट ३ पुरुष र ३ महिला रहने गरी २५ देखि ४० वर्षसम्मका सहभागी छनोट गरिएको छ ।

नेपालका युवा नेतृत्वलाई अझै प्रभावकारी बनाउन र उनीहरुमा विकसित भइरहेको नेतृत्व क्षमताको विकास, विस्तार र अभिवृद्धिका लागि यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो । यस प्रशिक्षणात्मक कार्यक्रमले युवा नेतृत्वको अग्रसरतामा गाउँ तथा समाज परिवर्तनका लागि भइरहेका प्रयासहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न तथा समुदायमा यी कार्यक्रमको ठूलो प्रभाव सिर्जना गर्न मद्दत गर्दछ । यस कार्यक्रमले समुदाय तथा सरकारी निकायसँग अझै प्रभावकारी रुपमा काम गर्नका लागि युवा नेतृत्वलाई मिडियासँग संलग्नता, सामुदायिक समस्याहरुको वकालत, तथा सम्बोधनजस्ता विविध विषयमा तालिम प्रदान गर्छ । यस कार्यक्रममा देशको विभिन्न क्षेत्र, वर्ग, लिंग, विविध जातजाति तथा भिन्न राजनीतिक मूल्यमान्यता बोकेका प्रशिक्षार्थी सहभागी रहेका छन् ।

### आलु उत्पादन बढेपछि उपभोक्तालाई राहत

वीरगञ्ज । अघिल्लो वर्षको तुलनामा यस वर्ष पर्सा जिल्लामा रु चार करोड ५४ लाख ४० हजार मूल्य बराबरको दुई हजार ८४० मेट्रिक टन बढी आलु उत्पादन भएपछि उपभोक्ताले राहत पाएका छन् । प्राय: यस भेगका उपभोक्ता चर्को मूल्य तिरेर भारतीय तथा पहाडको आलु खान बाध्य भएकामा यस वर्ष बढी आलु उत्पादन भएपछि उपभोक्तालाई राहत भएको वीरगञ्ज महानगरपालिका-२७ रामगढवाका शेषमन पण्डितको भनाइ छ ।

हिउँदमा पानी नपरेको तथा समयमा आलु रोपाइँ गरेकाले किसानले यस वर्ष प्रतिहेक्टर २० मेट्रिक टन आलु उत्पादन गरेको ज्ञान केन्द्रका प्रमुख डा रामचन्द्र यादवले बताए । पश्चिमी पर्साको बिरुवा गुठी, बेलवा, भिखमपुर गादीमा किसानले व्यवसायी रुपमा कुण्डी, सिचरी, लालगुलाब ३४ र गाढा जस्ता उन्नत जातको आलु खेती गर्दै आइरहेका छन् ।

**सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवम् औद्योगिक रूपमा टेवा पुऱ्याउने बानी बसालौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# असामाजिक क्रियाकलाप बढ्दै गएकोमा प्रदेश प्रमुख चिन्तित

महोत्तरी । समाजमा असामाजिक क्रियाकलाप बढ्दै गइरहेकोमा प्रदेश २ का प्रमुख रत्नेश्वरलाल कायस्थले चिन्ता व्यक्त गरेका छन् । महोतरीको जलेश्वर ४ सुगा भवानीपट्टीस्थित श्री सुकदेव माविको स्वर्ण जयन्तीको उद्घाटन गर्दै प्रमुख कायस्थले विद्यालयमा नैतिक शिक्षाको अध्यापनका अभावमा समाजमा असामाजिक तत्वहरु हावी हुँदै गईरहेकोमा चिनत व्यक्त गरे ।

उनले हरेक कक्षा नैतिक शिक्षासम्बन्धी पाठ्यपुस्तक राख्न पनि सुझाव दिए । साथै उनले नीति तथा कार्यक्रममा समेत प्रदेश सरकारले नैतिक शिक्षालाई समेट्नु पर्ने बताए । २०१२ सालमा स्थापना भएको सो माविको स्वर्ण जयन्ती २०६२ सालमा रहे पनि १३ वर्ष ढिलो गरी स्वर्ण जयन्ती कार्यक्रम मनाइएको छ ।


महोतरीको जलेश्वर ४ सुगा भवानीपट्टीस्थित श्री सुकदेव माविको स्वर्ण जयन्तीको उद्घाटन् सहभागीहरु

यस्तै, प्रमुख कायस्थले नेपाल इन्जिनियर्स एशोसिएशन प्रदेश नं. २ को नव निर्वाचित पदाधिकारीहरुलाई सम्मान पत्र प्रदान गरेका छन् । त्यस अवसरमा बोल्दै उनले देश प्रदेश विकासको लागि ईन्जिनियरहरुले नेतृत्वदायी भुमिका निर्वाह गर्नुपर्ने बताए । अहिलेको विकासका कार्यहरु गुणस्तरहीन हुँदै गइरहेको प्रति प्रमुख कायस्थले चिन्ता समेत व्यक्त गरे । कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुलाई शपथ ग्रहण गराईएको थियो ।

यसैबीच प्रदेश प्रमुख कायस्थसँग महालेखापरीक्षक टंकमणि शर्माले भेटवार्ता गरेका छन्। भेटवार्ताका क्रममा लेखापरीक्षणको कामलाई कसरी प्रभावकारी रुपमा सम्पन्न गर्न सकिन्छ भन्ने बिषयमा छलफल भएको हो ।

महालेखापरीक्षक शर्माले आफू संघ, प्रदेश र स्थानीय तहसँग आवश्यक छलफलका लागि सात वटै प्रदेशको भ्रमणमा निस्केको जानकारी दिए ।

# जनकपुर चुरोट कारखाना चलाउन पाँच कम्पनी इच्छुक

जनकपुरधाम । उद्योग, वाणिज्यमन्त्री मातृका यादवले प्रदेश २ को सरकारसँग जनकपुर चुरोट कारखाना लिमिटेड खाली गराउन निर्देशन दिएका छन् । चुरोट कारखाना पुनः सञ्चालनका लागि लगानीकर्तालाई आह्वान गरिसकेको उनले उल्लेख गरे ।

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतसँग कारखाना पुनः सञ्चालन गर्ने र यसका लागि प्रदेश सरकारको सचिवालय स्थापना गर्न अर्को व्यवस्था नभएसम्मको लागि आवास क्षेत्र प्रयोग गर्ने सहमति भएको पनि मन्त्री यादवले दाबी गरे । तत्काल कारखाना परिसर खाली गर्न प्रदेश सरकारसँग उनले आग्रह गरे ।




जनकपुर चुरोट कारखाना पुनः सञ्चालन गर्न संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव, राजपा अध्यक्ष महेन्द्र राय यादव र प्रदेश २ का मुख्यमन्त्री राउतसमेत सकारात्मक रहेको उल्लेख गर्दै मन्त्री यादवले यसका लागि उद्योग मन्त्रालय अघि बढिसकेको बताए । 'विदेश पैठारी गर्ने हिसाबले स्तरीय चुरोट उत्पादन गर्न पिपि (पब्लिक-प्राइभेट साझेदारी) मोडेलमा कारखाना पुनः सञ्चालन गर्ने सोच बनेको छ । यसका लागि चीनबाट तीनवटा टोली र भारतबाट दुई टोलीले कारखाना भिजिट गरिसकेको छ,' उनले भने । करिब सात वर्षदेखि उत्पादन ठप्प रहेको जचुकालिले कर्मचारीलाई तिर्नुपर्ने वक्यौता बापतको चार करोड रुपैयाँ आफू मन्त्री भएयता भुक्तान गरेको मन्त्री यादवको दाबी छ ।

त्यस्तै, विराटनगरको जुट कारखाना, विरगंजको चिनी कारखाना तथा कृषि औजार कारखाना, हेटौडाको कपडा उद्योग, गोरखकाली टायर लगायत उद्योग सञ्चालन गर्ने तयारीमा सरकार जुटेको उनले जानकारी दिए । जनकपुर चुरोट कारखानाले पुनः चुरोट बनाउन सुरु गरे पनि त्यो उत्पादन नेपालमा बिक्री नगर्ने उनले दाबी गरे ।

# उखु किसानले भुक्तानी नपाएको त्रिपाठीको गुनासो

रविन्द्र यादव, नवलपरासी पश्चिम । पूर्व मन्त्री एवम् प्रतिनिधि सभा सदस्य हृदयेश त्रिपाठीले शिक्षा र स्वस्थ्यका विषयमा नेकपा र नेपाली काँग्रेसमा सैद्धान्तिक मतभेद नरहको बताएका छन् । पश्चिम नवलपरासीमा सुस्ता स्तरीय खेलकूद प्रतियोगिताको उद्घाटन गर्दै सासद त्रिपाठीले मेडिकल चिकित्सा विधेयकमा कतिपयले नपढी विरोध गरेको टिप्पणी गरे । उनले संसारमा हरेक उत्पादककर्ताले आफ्नो उत्पादनको मूल्य निर्धारण गर्नेगरेको तर ६४ प्रतिशत किसानले अधिक परिश्रम र लागत लगाएर उत्पादन गरेको धान, गेहु, उखु, तोरी, आलु इत्यादिको मूल्य निर्धारण गर्न नपाएको गुनासो गरे । 'त्यसको मूल्य निर्धारण गरी लाभ बिचौलियाले लिन्छन् । जसको असर शतप्रतिशत कृषिमा आधारित जनजीवनमा पर्छ,'उनले भने । जबसम्म ६४ प्रतिशत देशको आवादी समृद्ध हुँदैन, तबसम्म नेपाल समृद्ध नहुने र नारामा मात्रै सिमित रहने त्रिपाठीको दावी छ । कृषि उपज मूल्य निर्धारण आयोग कानुनबाट निर्धारित संकलप प्रस्ताव संसदमा दर्ता भएको र एउटा विज्ञको आयोग बन्ने त्रिपाठीले जानकारी गराए । किसानको उखुको पुराना रकम भुक्तानी नभएको बताउँदै उनले सरकारले उखुको मूल्य तय गरे पनि भुक्तानी पाउन नसकेको बताए । इतिहासमा पहिलो चोटी मिल मालिकलाई सरकारले समातेर थुनामा राखे पनि किसानको समस्या समाधान गर्न नसकेको त्रिपाठीले आरोप लगाए ।





## धनुषा घटनाप्रति राजपाको समवेदना



काठमाडौँ । राष्ट्रिय जनता पार्टी (राजपा) ले धनुषामा शुक्रबार भएको बस दुर्घटनामा परी छ जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ ।

राजपा अध्यक्ष मण्डलका संयोजक महेन्द्रराय यादवले शोक विज्ञप्ति जारी गरी मृत्तात्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका हुन । साथै, राजपाले घटनाका घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना तथा मृतक परिवारलाई उचित क्षतिपूति र घाइतेको उपचार खर्चका लागि सङ्घीय सरकारसँग माग गरेको छ ।

सिन्धुलीको दुधौलीबाट जन्ती लिएर फर्कदै गर्दा धनुषाको सवैला नगरपालिका-४ स्थित कोठीमा बल्टीया भन्ने ठाउँमा बसमा करेन्ट लागेर छ जनाएको मृत्यु हुनका साथै केही सङ्ख्यामा घाइते भएका थिए ।

## कर तिर्न आग्रह

बुटवल । एनसेल टेलिकम सेवाले राज्यलाई ७२ अर्ब कर नतिरेको भन्दै आज अखिल 'क्रानितकारी' रुपन्देहीले कालो ब्यानरसहित विरोध सभा गर्दै तत्काल कर तिर्न र नतिरे टावरहरु ध्वस्त पारिदिने चेतावनी दिएका छन् । रुपन्देहीको मुर्गियास्थित मुर्गियाचोकमा गरिएको विरोध सभालाई सम्बोधन गर्दै अखिल 'क्रान्तिकारी'का जिल्ला अध्यक्ष रमेश गैरेले ऐनसेलले नेपालमा कर नतिरे ७७ वटै जिल्लामा रहेका एनसेल टावर ध्वस्त पार्ने चेतावनी दिँदै ५५ वटै जिल्लामा जनकारवाही पहिले पनि भएको र अब पनि नेपाल सरकारलाई तिर्नु पर्ने कर ७२ अर्ब नतिरे त्यसको हिसाब किताब छिटै नै हुने बताए ।

# सीमान्तकृत चिडिमारका व्यथा

नेपालगञ्ज । नेपालगञ्ज उपमहानगरपालिका-१२ मा बसोबास गर्दै आएका सीमान्तकृत चिडिमार (चरा मार्ने) समुदायको जीवनमा खासै सुधार आउन सकेको छैन ।

नेपालगञ्जमा चिडिमारलाई चरा मार्ने जाति भनेर चिनिन्छ । यो जाति सीमान्तकृत समुदायमा पर्छ । नेपालगञ्ज-१२ चिडिमार समुदायको पुरानो थातथलो हो । पछिल्लो समय चिडिमार समुदायका व्यक्ति पनि चरा मार्न छाडेर अरु पेशा व्यवसाय गरेर जीविकोपार्जन गर्न थालेका छन् । आफ्नो बारीको अन्नले मात्र खान नपुग्ने हुँदा उनीहरूले मजदूरी गरेर खान लाउन र बालबालिकाको अध्ययन खर्च पुऱ्याउने गर्दछन् ।

सो समुदायको घरमा खानेपानीको धारा जडान, बालबालिकालाई श्रमबाट विस्थापित गरी विद्यालय भर्ना गराउन अभिभावकलाई खुद्रा पसल सञ्चालनका लागि पनि वडा कार्यालयको समन्वयमा विभिन्न संस्थाले आर्थिक सहयोग उपलब्ध गराउँदै आएका छन् ।

चिडिमार समुदायमा बच्चा धेरै जन्माउने गरेको पाइन्छ जसका कारण महिलाको स्वास्थ्य अवस्था सधैँ कमजोर र दयनीय हुने गरेको छ । अत्यन्त कमजोर घर संरचनामा बसोबास गर्दै आएका यो समुदायका बालबालिका पढ्न चाहन्छन्, तर पारिवारिक वातावरण उनीहरूको हितमा नहुने भएकाले उनीहरूको चाहना पूरा हुन सकेको छैन । हामी विद्यालय जान चाहन्छौँ, तर आमाबुबाले पैसा कमाउनु पर्छ भनेर काममा पठाउने गर्छन्, समुदायकी किशोरी खुशी चिडिमारको गुनासो छ ।

# इलाकाबाटै द्रुत राहदानी सिफारिश

चन्द्रौटा । कपिलवस्तु जिल्लाको पश्चिम क्षेत्रमा रहेर तीन स्थानीय तहमा सेवा प्रदान गरिरहेको इलाका प्रशासन कार्यालय चन्द्रौटाले द्रुत राहदानी सिफारिश शुरु गरे पछि पश्चिम क्षेत्रका नागरिकलाई सहज भएको छ ।

विगतमा सदरमुकाम जानुपर्ने खर्च तथा सिफारिश फारम फोटोसमेत करीब रु ५०० खर्च हुने गरेकोमा इलाका प्रशासन चन्द्रौटाले फारम निःशुल्क गरेको तथा फोटोसमेत पुरानो जुनकुनै भए पनि सिफारिश हुने भएकाले सेवाग्राहीलाई सहज भएको इलाका प्रशासन कार्यालय चन्द्रौटाका अधिकृत तथा सूचना अधिकारी जगदीश अर्यालले जानकारी दिए ।

चन्द्रौटामा राजश्व बुझेर राहदानी प्रदान गर्ने प्रक्रियामा रहेको बताउँदै जनशक्तिको अभावले अहिले सिफारिश मात्र दिने गरिएको अर्यालको भनाइ छ । गत भदौ १५ गतेबाट सेवा शुरु गरिएकोमा पाँच महीनाको अवधिमा द्रुत सेवा लिने ११२ पुगेका छन् ।

# प्रदेशसभा बैठकबाट स्थायी राजधानीको टुङ्गो लाग्छः मुख्यमन्त्री राई



विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले माघ २० गतेबाट शुरु हुने प्रदेशसभा बैठकबाट स्थायी राजधानी र नामकरणको टुङ्गो लाग्ने बताएका छन् । नगर विकास कोषको ऋण सहयोगमा विराटनगर महानगरपालिकाले वडा नं ११ मा निर्माण गरेको बस टर्मिनलको उद्घाटन कार्यक्रममा उनले प्रदेशको पूर्वाधार निर्माण गर्न आगामी केही दिनमा निजी क्षेत्रको सहकार्यमा लगानी सम्मेलनको आयोजना गर्ने जानकारी दिए ।

मुख्यमन्त्री राईले हिमाल, तराई र पहाडका जनताको विकासप्रतिको चाहना परिपूर्ति गर्न भूगोलअनुसारका विकास कार्य गर्न प्रदेश सरकार योजनाबद्ध भएर लागेको चर्चा गर्दै यस क्षेत्रको पर्यटन पूर्वाधार निर्माण गरी स्वदेशी र विदेशी पर्यटकलाई आकर्षित गर्ने बताए ।

मुख्यमन्त्री राईले विराटनगरवासीको चाहनाअनुरूपको बृहत् मनोरञ्जनस्थलका पार्कको निर्माण गर्नुपर्नेमा जोड दिँदै 'सडक, विद्युत्, सहरीकरण, स्वास्थ्य, शिक्षा' जस्ता जनताका आवश्यक विकास योजनालाई गुरुयोजना बनाई सरकारले निर्माण गर्ने पनि प्रतिवद्धता जनाए ।

२०७३ मङ्सिर १९ गते शिलान्यास भई विसं २०७५ असोज १४ गते सम्पन्न भएको उक्त टर्मिनल ३० कट्ठा जग्गामा पाँच हजार ५८० वर्गमिटरमा निर्माण गरिएको छ । गौरीपार्वती निर्माण सेवा काठमाडौँले रु आठ करोड ४७ लाखमा निर्माण सम्पन्न गरेको बस टर्मिनलमा रेष्टुराँ, कफीसप, लगेज रुम, टिकट काउण्टर र महिला तथा पुरुष शौचालयको व्यवस्था रहेको छ ।

# नेपाल-भारत एकदिने संयुक्त सुरक्षा बैठक सम्पन्न



रौतहट । नेपाल-भारतबीचको संयुक्त सुरक्षा समितिको बैठकले विभिन्न ५ बुँदे सहमति गरेको छ । भारतको बिहार राज्यस्थित मोतिहारीमा भएको बैठकमा दुई देशका सुरक्षा अधिकारीहरुको सहभागिता रहेको थियो ।

सन् २०१९ मा भारतमा हुन लागेको लोकसभाको निर्वाचनलाई शान्तिपूर्ण बनाउन दुबै देशका सुरक्षा निकाय सजग भएर लाग्ने सहमति भएको छ ।

यस्तै खुल्ला सीमानाबाट हुने गरेको अवैध हातहतियार तस्करी नियन्त्रण गर्न दुबैतर्फका सुरक्षा निकाय विशेषरुपमा लागिपर्ने सहमति भएको छ । यस्तै सीमामा हुनसक्ने आतंकवादी गतिविधि रोक्न मिलेर काम गर्ने, दुई देशबीच सुरक्षा सम्बन्धी सूचना आदान प्रदान नियमित गर्ने जस्ता विषयमा पनि सहमति भएको छ । त्यसैगरी भारतीय लोकसभा निर्वाचन अघि दुई देशका सुरक्षा प्रमुखहरुको फेरि बैठक बसेर चुनावको लागि सीमा सिल गर्ने सहमति भएको रौतहटका प्रमुख जिल्ला अधिकारी लोकेन्द्र पौडेलले जानकारी दिए ।

बैठकमा भारतीय पक्षले भारत नेपालबीच खुल्ला सीमानाको कारण हुनेगरेको विभिन्न सामानको तस्करीका साथै नेपालबाट भारततर्फ हुने मदिरा तस्करीको रोक्न विशेष आग्रह गरेका थिए । सीमा क्षेत्रमा अवैध मदिराको बिक्री बितरण नियन्त्रण गर्न र लोकसभाको निर्वाचन ताका भारतीयलाई नेपालतर्फ आएर मदिरा सेवान गर्न नदिन भारतीय सुरक्षा प्रमुखहरुले प्राथमिकताका साथ आग्रह गरेको बैठकमा सहभागी रौतहटका प्रहरी प्रहरी प्रमुख एसपी केदार ढकालले बताए । निर्वाचन ताका प्रचार प्रसार बन्द गर्ने आचारसंहिता लागू भएपछि नेपालका एफएम रेडियोहरुबाट भारतीय निर्वाचनको प्रचार प्रसार बन्द गराउन पनि भारतीय सुरक्षा अधिकारीले नेपाली सुरक्षा अधिकारीको ध्यानाकर्षण गराएको एसपी ढकालले जानकारी दिए ।

संयुक्त सुरक्षा अधिकारीको बैठकमा नेपालको तर्फबाट रौतहटका सिडिओ लोकेन्द्र पौडेलको नेतृत्वमा बारा, पर्सा, चितवन, नवलपरासी, पश्चिम नवलपरासीका सिडिओ, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धानका एसपीहरुको सहभागिता रहेको थियो ।

## विश्व परिवेश

# नेपालमा भारतीय लगानी : उच्च प्रतिवद्धता, ठुलो चुनौतीहरुसँग जुझ्दै

भारत-नेपाल आर्थीक संस्थानद्वारा निर्धारित शर्तहरुले प्राप्त उपलब्धि र गुमेका असरहरु सम्बन्धमा नौलो उचाईसाथ सही विश्लेषण गरेको छ । द्विपक्षीय सम्बन्धका दृष्टिले हेर्दा यो विचार गर्नु आवश्यक हुन आउँछ कि नेपालमा भारतीय लगानी गाह्रो स्थिती हुँदै अघि बढेको भए तापनि सार्थक सुरुवातबाट त्यसको प्रारम्भ भएको थियो किनकि भारतले त्यति खेर व्यावहारिक रुपमा नेपाल को व्यापारको विश्व जस्तै रहेको थियो ।



नयाँ लोकतान्त्रिक प्रणालीमा 'संघीयता' का अतिरिक्त प्रावधानसाथ नेपाल आफ्नो दृष्टिले आफ्नो बजार व्यवस्थाको कममा प्रतिस्पर्धात्मक राजनीति अख्तीयार गर्दै आएको छ । त्यस परिदृश्यमा भारतको पारम्परिक दृष्टिकोणले अर्को द्वार बाट चुनौतीहरुसँग जुझ्दै आउनु परेको छ किनकि चीन आफ्नो अति महत्वकांसी 'बेस्ट एण्ड रोड इनिसिएटिभ ( वी.आर.ई.)' योजनाले नेपालमा र त्यस क्षेत्रमा आफ्नो व्यापार विस्तार गर्न अति महत्वकांक्षी रणनीति विशेष सतर्कता र चासोका साथ विस्तार गर्ने क्रममा बढ्दै आएको छ ।

नेपालमा विदेशी प्रत्यक्ष लगानी ( एफ.डी.आई.)को कुल प्रतिशतको ४० प्रतिशत ठूला-ठूला लगानीकर्ता भारतीय कम्पनीहरु उत्पादन, सेवा, शक्ति र पर्यटन क्षेत्रहरुमा कार्यरत रहेका छन्, जसमध्ये - आई.टी.सी., टाटा, डाबर, हिन्दुस्तान युनिलिभर, एम.टी.एन.एस., भी.एस.एन.एल., स्टेट बैंक अफ इण्डिया, पंजाब नेशनल बैंक, लाईफ इन्स्योरेन्स करपोरेशन, जी.एम. आर.इण्डिया र एशियन पेन्ट्स प्रमुख रहेका छन् । सन् २०१६-१७ मा नेपालले भारतवाट अमेरीकी डलर ६.१ बिसियन डलर बराबरका सामान तथा सेवाहरु आयात गरेको थियो भने भारतमा ४०० मिलियन भन्दा अलि बढी मात्र गरेको थियो आफ्नो अमेरीकी डलर ५.७ बिलियन भन्दा बढी व्यापार छाटा पूर्ति गर्न निमित्त र त्यसैले आफ्नो व्यापार असन्तुलनमा सुधार गर्न आफ्नो देशमा भारतीय एफ.डी.आई. भन्दा बढीलाई आकर्षित गर्न प्रयत्नशील रहेको छ । काठमाडौं र नयाँ दिल्लीले समय-समयमा आ-आफ्नो समझदारीको मौलिकतालाई त्यस प्रकारले परिवर्तित गर्नु पर्छ जसले गर्दा भारत-नेपाल सम्बन्धलाई विभिन्न स्तरको संलग्नताका माध्यमबाट सुरक्षित राख्न सकियोस खासगरीकन आर्थिक सहयोगको दिशा अपेक्षित सुधारको निरन्तताका माध्यमबाट । तर जे भए पनि यो विचारणीय छ कि भारते नेपालमा आफ्नो भौगोलिक शक्ति र संरचनागत योजनाहरु प्राथमिकताका आधारमा सकारात्मक ढंगले प्रतिस्थापित गर्दै आएको छ । भारतको लगानी नेपालमा मुख्य रुपले दुई क्षेत्रमा केन्द्रित रहेकोछ तर स्मरणीय कुरो के छ भने संचालित भारतीय योजनाहरुले अपयश प्राप्त गरेकाछन भने भारतको ठूलो उद्देश्यलाई नै क्षति पुऱ्याएका छन् । जसलाई केही हदसम्म बेवास्ता गर्नु हुदैन ।

**संचालित उर्जा सम्बन्धी योजनाहरुलाई शक्तिशाली बनाउनु पर्ने**

भारत र नेपालका प्रधानमन्त्री स्तरमा हालै भएको बैठकमा भारतले ज्यादै नराम्रो ढैगले काम गर्दै आएको कारण अपयश नै पाएकोले त्यतापट्टि बढी ध्यान दिने अपेक्षा गरिएको थियो । तर यो स्पष्ट छ कि संचालित र अवरोधित योजनाहरुको कममा उच्चस्तरीय हस्तक्षेपसँग जुझ्नु पर्ने हुँदा काम अपेक्षित रुपमा हुने अपेक्ष ागर्न सकिन्न । उद्योगको बढ्दो भागलाई हेरेर लागानी बोर्ड नेपाल, नेपालका उर्जा मन्त्रीले अप्रिल २०१८ मा नेपालका प्रधानमन्त्रीको भारत भ्रमणको क्रममा द्धिपक्षीय वार्तामा त्यस मुद्दालाई समेत समवेश गर्न लगाएका थिए ।

नेपाल सरकारबाट प्रस्तावित प्रारम्भिक वार्तमांन आर्थिक वा वित्तीय संरचना बाट यो स्पष्ट हुन आउँछ कि कुल १३५ कि.मी. लामो दूरीको ट्रान्समिशन मध्ये २० कि.मी. मात्र नेपाली भू-भागमा पर्छ भने बाँकी भारतीय भू-भागको संकटगस्त पानीको क्षेत्रमा परे पनि नेपालले आफ्नो चाहना अनुसारको नमूना पेस गरे अनुरुप नै भारत र नेपाल दुबैले ४०० के.भी. पावरको (शक्ति) लाईन दुबै पक्षबाट निर्धारित भू-भागहरुमा निर्माण गरिनेछ । त्यस ४०० के.भी. शक्तिको योजना संचालनमा देखिएका अवरोधहरु हेर्दा अब नेपालको जलश्रोत मन्त्रालयले प्रधानमंत्री के.पी। ओलीले सरकारी स्तरबाट त्यसको वित्तीय स्वरुप सम्बन्धमा भारतीय पक्षलाई आश्वाशन पार्ने अपेक्षा गर्न थालिएको छ । वर्तमान परिदृश्य अनुरुप नेपालको जलश्रोत मंत्रालयले नयाँ बुटवल-गोरखपुर ट्रान्समिशन लाइन निर्माणलाई प्रथमिकता दिनुको कारण त्यसबाट भैरहवा, बुटवल, पोखरा र नारायणगढ जस्ता शहरहरुले प्रभावकारिता पूर्वक आयातित शक्तिको उपभोग र उपयोग समेत गर्न पाउनेछन् । यसमा अतिरिक्त जलश्रोत मन्त्रालयले बुढी गण्डकी, मर्स्याङ्गदी र त्रिशुली क्षेत्रहरुका जलश्रोत योजनाहरु देशका अधिकांश भागका लागि उपयोगी हुने ठानेर त्यसलाई प्रथमिकता दिन थालेको छ । त्यसका लागि वित्तीय श्रोत समेत व्यवस्थित भै सकेकोले नेपालको जलश्रोत मन्त्रालयले ती योजनाहरु संचालन गर्न चाहेका छन् । उल्लेखनीय छ कि अमेरिकी सरकारको एक स्वतन्त्र निकाय वा संगठन - मिलेनियम चैलेन्ज करपोरेशन (एम.सी.सी)ले नेपाल सरकारलाई त्यसका लागि अनुदान राशि उपलब्ध गराई सकेको छ । हुन त त्यसका लागि सम्झौतामा हस्ताक्षर समेत भै सेकेको छ तर तर मिलेनियम चैलेन्ज करपोरेशनले राखेको एक पूर्व शर्त अनुरुप नेपाल सरकारले निर्माण कार्य भन्दा पूर्व वित्तीय शर्तहरु पूरा गर्न भारत सरकारको सहमति लिनु पर्नेछ र त्यसैले दुवै सरकारले आ-आफ्ना मुद्दाहरुलाई समाधान गर्न जरुरी छ किनकि त्यसको समाधान नभएसम्म त्यसलाई कार्यान्वित गर्न सकिन्न । द्विपक्षीय सहकार्यका लागि भारत र नेपालले आ-आफ्ना पुराना र नयाँ योजनाहरुलाई महशुश गर्दै व्यापक सहयोगात्मक दृष्टिकोणको अनुपालन गर्दै पछि अवरोधित नहुने प्रकारले तद्नुरुपको पारदर्शी नीतिहरु निर्माण गर्नु पर्छ ।

**सम्पर्क नदीहरु उपयुक्त छैनन्**

जल संसाधान र श्रोतहरुको न्यायिक उपभोगका लागि भारत र नेपाल बीचको सहयोगको स्तर लाई प्रभावकारी बनाई त्यस बाट उर्जा क्षेत्रले व्यापक प्रतिफल प्राप्त गर्न गहनतम् प्रयास गर्नु जरुरी छ तर त्यसमा सफल हुन देशले तराई र उत्तर विहारका कोशी क्षेत्रका-सहरमा मधुवनी, सीतामढी भू-भागसँग सम्बन्धित संगठनात्मक मुद्दाहरुको पहिचान गरी अघि बढ्नु जरुरी छ । यो उल्लेखनीय छ कि विगत दुई दशक भन्दा बढी समयदेखि भारतको उत्तर बिहार र नेपालबीच बग्दै आएका नदीहरु सम्बन्धमा योजनाहरुको संभाव्यता अध्ययन गर्दा पनि नदीहरुको प्रकृति हेर्दा त्यस सम्भव र अपेक्षा अनुरुप हुने भविष्यवाणी भनौं वा यथास्थिति बारे विशेषज्ञहरुको समुहबाट सकारात्मक राय प्रस्तुत हुन सकेको छैन । उत्तर बिहारमा भारतको केन्द्रिय सरकारका कृषि मन्त्री चतुरानन मिश्रले प्रयोग गर्न प्रयास गर्दा असफल मात्र भएका थिएनन् कि त्यसका लागि उपलब्ध गराईएका ठूलो भू-भाग हालसम्म उपयोग विहीन रहेको दुखद घटनालाई बिर्सन सकिन्न । निष्कर्ष : यो भन्न सकिन्छ कि विभिन्न नदीहरुको पानीलाई मिलाएर खेती गर्ने प्रयास साधारणत : सम्भव छैन । उदाहरणका लागि गंगा र कोशी नदीको पानीको वेगलाई मिलाउँदा त्यो वातावरणका लागि विनाशकारी सँगै औद्योगिक खेतीको उद्देश्य विपरित समेत हुन जानेछ, साझेदारी र योगदानको अनुपात सम्बन्धमा हालसम्म पनि राम्ररी योजना निर्माण गरिएको छैन । क्षति नियन्त्रण गर्न भौगोलिक वस्तुस्थितिमा आधारित आवश्यका लाई ध्यानमा राखी दीर्घकालिन एवं दूरगामी संरचना निर्माण गर्नै पर्छ ।

**एक-अर्कालाई बराबर सम्झनु पर्छ**

सही अर्थमा, विचाराधिन मुद्दाहरुको हकमा बुँदागत रुपमा विश्लेषण तथा त्यसलाई सच्चाईसाथ समाधान गर्न तद्नुरुपको प्रयास गर्नु नै फलदायी एवं लाभदायी हुनेछ । ओलीले भारतको गत भ्रमणका क्रममा दीर्घकालदेखि विचारधीन रहेको कोशी योजना र संयुक्त ऊर्जा योजनाहरु बारे को छलफल क्रममा अन्य पक्षको हित संरक्षण हुने गरि गतिलो प्रयासको थालनी बारे चाहना व्यक्त गरेका थिए । यदि दवै मध्ये कसैले पानीको हकमा कुनै प्रवधान थप्न चाहन्छ भने अन्य पक्षले संरचनात्मक महत्वपूर्ण विषयबस्तु तथा भएका तटबन्ध र बाँधहरु सम्बन्धमा ज्योति मल्होत्राले आफ्नो लेख मार्फत यस्तो प्रतिक्रिया व्यक्त गरेका छन् - "यदि चीनले तपाईको बाँध निर्माण गर्छ, भारतले ऊर्जा खरीद गर्दैन । प्रधानमन्त्री नरेन्द्र मोदीले के.पी. ओलीलाई भनेका थिए ।" भारत -नेपाल मामलामा विशेष चासो राख्नेहरु बीच यो प्राय : सर्वविदित नै छ कि अमेरीकी डलर २.५ बिलियनको बुढी गण्डकी बाँध योजना र मध्य पश्चिम नेपालमा त्यस्तै नामको नदीमा संचालित अर्को योजना दिल्ली र बेइजिङ बीचको द्वन्दको मुख्य संघर्ष केन्द्रको रुपमा बढ्दै गएको छ । भारतीय पक्षले यस आर्थिक द्विपक्षीय वार्ताको राजनीतिलाई स्वीकार गर्नु परेको छ । हालै सम्पन्न निर्वाचनमा ओलीले स्पष्ट बहुमत प्राप्त गरेर विजयी भएकोले आफ्ना पार्टीका नेताहरु संग मात्र कानर्य गर्दै आएका छैनन् कि उनले संयुक्त माउतेवादीहरु सँग समकालिन बामपंथी राजनीतिज्ञहरु प्रचण्ड र बाबुराम भट्टराइसंग समेत एकता कायम गरी सकेका छन् । ओलीको उत्थान सही अर्थमा चमत्कारिक हुन पुगेको छ । अहिलेलाई नेपालको राजनीतिक आधारभूमि स्थायी रहेकोछ र सरकार पूर्वका सरकारहरु एवं राजाद्वरा गरिएका आर्थिक नीतिहरुको पुनरावलोकन गर्न समेत उद्यत रहेको छ । मध्यकालिक अवधिको अल्प समयमा पूर्ण सामाजिकीकरण सम्भव नहुने भए पनि तर अबको तुलनामा राज्यको अर्थव्यवस्थालाई बलियो पार्नमा ध्यान केन्द्रित गर्ने प्रयासहरु गर्न सकिन्छ ।

काठमाडौंको वर्तमान शासनकाल वैदेशिक मामिला सम्बन्धी कुराहरुको हकमा प्रयोगको दृष्टिले प्रतिकूल रहेको छैन । दुबै दृष्टिले चीनले ठूलो भूमिका निर्वाह गर्नु पर्नेछ । नेपालमा आफ्नो पारम्परिक प्रभाव वा छाप कायम राख्न भारतीय पक्षले आधारहरुको ख्याल गरेर मुख्य प्रवाहलाई आफ्नो पक्षमा कार्यरत रहने प्रकारले काम गर्नु पर्छ । समयले मात्र बनाउनेछ कि वाचा अनुरुप कसरी कार्य रुपमा परिणत हुनेछ तर आश्वश्ताका लागि भारतले समानताको शर्तमा नयाँ दृष्टिले नेपाललाई हेर्नु पर्छ । 'द हिन्दु' पत्रिकामा अप्रिल ०६,२०१८ मा प्रकाशीत समाचारमा 'प्रधानमन्त्री ओलीले भारतीय विश्वविद्यालयहरुमा नेपालमा लगानी गर्नुहोस् भनेका छन्' उल्लेख गर्दै ओलीले भारतीय व्यापारीहरु बाट लगानीको अपेक्षा गर्दै लगानी कर्ताहरुलाई मैत्रीपूर्ण वातावरण र उद्योगहरुका लागी प्राथमिकता प्रदान गर्ने वाचा गरेका थिए । उनले नेपालको केन्द्रमा बलियो र स्थायी सरकार रहेको स्थायीत्व र निरन्तरता प्रदान गर्ने समेत आश्वश्त पारेका थिए । यस लेखका सो संगको व्यक्तिगत छलफलमा उनले संगठन, पर्यटन, उर्जा, कृषि तथा सुचना प्रविधि क्षेत्रमा भारतीय लगानीकर्ताहरुका लागि व्यापक अवसर प्राप्त हुनेछ र उनको सरकाले शुल्क सूची खुलेर सहुलियत प्रदान गर्ने समेत वाचा गरेका थिए ।

*क्रमश :*

# किन घट्यो चीनको गार्हस्थ उत्पादन ?



हालै मात्र सार्वजनिक गरिएको चीनको आधिकारिक तथ्यांकअनुसार सन् २०१८ मा चीनको वार्षिक कुल गार्हस्थ उत्पादन ६.६ प्रतिशतले बढेको छ । तर, दशकौंदेखि दुई अंकको दरले बढेको चिनियाँ कुल गार्हस्थ उत्पादन अहिले ६.६ प्रतिशतले बढ्दा देशभित्र र बाहिर दुवैतर्फबाट अहिलेको स्थितिलाई बढो चासोपूर्वक हेरिदैं छ । सन् १९९० पछि सबैभन्दा कम दरले चीनको कुल गार्हस्थ उत्पादन बढेको यो नै पहिलो तथ्यांक हो ।

तर, विगत २८ वर्षयताकै सबैभन्दा कम दरमा चीनको कुल गार्हस्थ उत्पादन बढे पनि चिन्ता गरिहाल्नुपर्ने स्थिति भने भएको छैन । हामीले तथ्यांकमा मात्र ध्यान केन्द्रित गरेर ब्याख्या गर्नु उचित होइन किनभने चीनको कुल गार्हस्थ उत्पादन निरन्तर बढिरहेको छ । चीनको कुल गार्हस्थ उत्पादन ९० खर्ब युआन रहँदा ६.६ प्रतिशतका दरले यसको वृद्धि हुनु अत्यन्तै सकारात्मक संकेत हो ।

गएको वर्ष अमेरिका-चीन व्यापार युद्धले अधिकांश मिडियाको हेडलाइन ओगट्यो । तर, चीनको कुल गार्हस्थ उत्पादन वृद्धिदरमा कमी आउनुमा दुई देशको व्यापार युद्धभन्दा पनि चीनको अर्थतन्त्रको संरचनात्मक मुद्दाका कारण यस्तो भएको हो । वास्तवमा, चिनियाँ अर्थतन्त्रमाथि व्यापार युद्धको प्रभावबारे विस्तृत अध्ययन गर्न बाँकी नै छ । संरचनात्मक मुद्दालाई केलाउँदा चीनको औद्योगिक क्षमता अत्यधिक बढिरहँदा उपभोग्य वस्तुप्रति उपभोक्ताको माग कमजोर बन्दै गएको छ । विगतका वर्षमा भौतिक पूर्वाधारमा चीनले गरेको लगानी र घरेलु उपभोग्य वस्तुको बढ्दो खपतका कारण चीनको अर्थतन्त्र तथा कुल गार्हस्थ उत्पादनमा द्रुत गतिको वृद्धि भएको थियो । तर, पछिल्लो केही वर्षयता भौतिक पूर्वाधारसम्बन्धी परियोजनामा लगानीको माग चीनमा बिस्तारै घट्दै आएको छ ।

यसर्थ, कुल गार्हस्थ उत्पादन वृद्धिदर घट्नुपछाडिको कारणका रुपमा रहेका यी संरचनात्मक मुद्दाको सम्बोधन गर्न चीनले लगानी बढाउँदै उपभोग्य वस्तुप्रतिको माग बढाउन विशेष कदम चाल्नुपर्ने हुन्छ । उपभोक्तालाई प्रोत्साहन गर्न सरकारले कर कटौतीसम्बन्धी नीति ल्याउन सक्छ । विशेषत: ग्रामीण क्षेत्रका लागि पूर्वाधारमा सरकारले लगानी गर्नुपर्छ । चीनको ग्रामीण भेगमा अझै पनि ६० करोड जनसंख्या बसोवास गर्ने भएकाले यो जनसंख्याले देशको कुल गार्हस्थ उत्पादन बढाउन महत्वपूर्ण भूमिका खेल्न सक्छ । ग्रामीण क्षेत्रमा बसोवास गर्ने यो जनसंख्यामा अझै पनि गुणस्तरीय भौतिक पूर्वाधार अभाव छ । यसकारण, यस क्षेत्रमा गर्न सकिने धेरै ठाउँ अझै छन् । यति मात्र होइन, ग्रामीण क्षेत्रको भौतिक पूर्वाधारमा गरेको लगानीले स्थानीय क्षेत्रमा ठूलो संख्यामा रोजगारी सिर्जनासमेत गर्नेछ । यसैगरी, देशमा ऋण लिनेको संख्या पनि ठूलो छ । यसले गर्दा ऋण प्रवाह र भौतिक पूर्वाधारमाथिको लगानीलाई चीनले सन्तुलित रुपमा अगाडि बढाउन सक्नुपर्छ, जसबाट देशको कुल गार्हस्थ उत्पादन वृद्धिदर पुन: द्रुत गतिमा बढ्न सकोस् । ***नयाँपत्रिका दैनिकबाट***

## नेपाल-भारतबीचको सम्बन्ध प्रगाढ : राजदूत



काठमाडौं । नेपालका लागि भारतीय राजदूत मञ्जिभसिंह पुरीले नेपाल-भारतबीच रहेको जनस्तरको सम्बन्ध विश्वको अरु कुनै पनि २ देशबीच नभएको स्पष्ट पारेका छन् ।

भारतको ७० औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा आयोजना गरेको विशेष अन्तर्क्रिया कार्यक्रममा बोल्दै राजदूत पुरीले भने, 'भारत र नेपालबीच रहेको सम्बन्ध विश्वमै अरु कुनै पनि २ देशबीच यस्तो सम्बन्ध छैन, जुन हामीबीच प्रगाढ छ ।'

राजदूत पुरीले २ देशबीच जनस्तरमै अत्यन्तै सुमधुर सम्बन्ध रहेकोले आगामी दिनमा यसलाई अझै सुदृढ गर्नुपर्नेमा जोड दिए । 'हामीबीच रोटीबेटीको सम्बन्ध छ । यहाँहरूमध्ये सायद कोही पनि यस्तो व्यक्ति हुनुहुन्न होला, जसले बलिउडको फिल्म नहेर्नुभएको होला । मेरो विचारमा सबैले हेर्नुभएको छ । अहिले त हामीबीच क्रिकेटले पनि सम्बन्ध सुमधुर बनाएको छ,' उनले भने । उनले वीरगञ्ज-रक्सौलमा हालै सञ्चालनमा आएको 'इन्ट्रिग्रेटेड चेकपोस्ट'ले वस्तु तथा सामग्री आदानप्रदानमा ठूलो सहयोग पुगेको विश्वास दिलाए । आगामी दिनमा चेकपोस्ट नेपालगञ्ज, भैरहवा, विराटनगर र काँकडभिट्टामा पनि सञ्चालनमा ल्याउने राजदूत पुरीले विश्वास दिलाए ।

## जिल्ला समाचार

### मन्दिर शिलान्यास



राकेश यादव, रौतहट । प्रदेश २ का आन्तरिक आर्थिक मामिला मन्त्री विजय कुमार यादवले रौतहटको राजपुर नगरपालिकाको वडा नम्बर ७ अकोलवामा निर्माण हुने मन्दिरको शिलान्यास गरेका छन् ।

उक्त मन्दिर प्रदेश सरकारको २५ लाख रुपैयाको लागतमा निर्माण हुन लागेको हो । मन्दिर शिलान्यास पछि बोल्दै मन्त्री यादवले मधेशी जनताको बलिदानीलाई प्रदेश सरकारले विकासको कार्यलाइ अघि लैजाने बताए । मधेश आन्दोलनको उपज मधेशी जनताको आफ्नो सरकार भएको जिकिर गर्दै मन्त्री यादवले प्रदेश सरकार मधेशी जनताको हक़ हितमा काम गर्ने दावी गरे । २ नम्बर प्रदेशलाइ विकास मुखी प्रदेश बनाउने सरकारको लक्ष्य रहेको बताए ।

### पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश

मलंगवा । सर्लाहीमा विभिन्न पार्टी परित्याग गरेका करीब ४ सय ५० जना नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । सहिद दिवसवको अवसरमा बुधबार नेपाली कांग्रेस सर्लाही क्षेत्र नं ४ ले धनकौलमा आयोजना गरेको आमसभा कार्यक्रममा उनीहरू प्रवेश गरेका हुन् ।

कांग्रेसमा प्रवेश गर्नेहरूमा धनकौल गाउँपालिका वडा नं ३ का राजपाका वडा अध्यक्षका उम्मेदवार प्रविण कुमार सिंहसहित १ सय ५ जना रहेका छन् ।

यस्तै गत निर्वाचनमा नेकपा धनकौल गाउँपालिकाका अध्यक्षका उम्मेदवार सोनेलाल पासवानसहित ३ सय जना , वडा नं ३ मा नेकपाको तर्फबाट उम्मेदवार बनेका पंकज कुमार सिंहसहित ३५ जना र राजपाको गोडयापा नगरपालिका वडा नं १० बाट निर्वाचित सदस्य पनि कांग्रेसमा प्रवेश गरेका छन् ।

उनीहरूलाई कांग्रेसका उपसभापति विमलेन्द्र निधिले टिका लगाएर पार्टी प्रवेश गराएका हुन् ।

### न्यानो कपडा वितरण

राजविराज । जाडोबाट समस्यामा रहेका दलित विपन्न परिवारका छात्र-छात्रालाई शनिबार न्यानो कपडा वितरण गरिएको छ ।

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकाको अतिविकट मानिएको गोबरगढा र मधवापुरका ९२ दलित विपन्न परिवारका छात्रछात्रालाई न्यानो कपडा वितरण गरिएको हो । सिर्जना फाइनान्सद्वारा जाडोबाट पीडित छात्रछात्रालाई न्यानो कपडा वितरण गरिएको स्थानीयवासी गङ्गा साहले बताए । यस्तै जिल्लाको बिष्णुपुर र रुपनी गाउँपालिकाका ७५ दलित विपन्न परिवारलाई कम्बल वितरण गरिएको छ । मानव सेवा ट्रष्ट र उपकार सेवा नामक संस्थाले संयुक्त रुपमा जाडोबाट प्रभावित दलित, एकल महिला तथा अतिविपन्न घरपरिवारलाई कम्बल वितरण गरेको हो । यस्तै सप्तरीको रुपनी गाउँपालिका-६ का २५ दलित विपन्न परिवालाई कम्बल वितरण गरिएको छ । त्यस्तै विष्णुपुर गाउँपालिका-७ स्थित रामटोलमा आयोजित कम्बल वितरण कार्यक्रममा मानव सेवा ट्रष्टका अध्यक्ष सुरेश गुप्ता, सदस्य विनोदकुमार विश्वकर्मा र उपकार सेवाका निर्देशक वसन्त खन्डेबाललगायतले सो बस्तीका ५० दलित एवं विपन्न परिवारलाई कम्बल वितरण गर्नुभएको छ ।

यसैबीच तोपास्थित मेरी स्टोप्स नेपालद्वारा गरिएको परिवार नियोजनका क्रममा चिकित्सकको लापरवाहीले मृत्यू भएको भन्दै पीडित परिवारलाई राहत प्रदान गरिएको छ ।

### भारत सरकारद्वारा एम्बुलेन्स सहयोग

पाल्पा । पाल्पाको बगनासकाली गाउँपालिकामा रहेको चापपानी स्वास्थ्यचौकीलाई भारत सरकारले एम्बुलेन्स सहयोग गरेको छ ।

भारतको ७०औं गणतन्त्र दिवसको अवसरमा शनिबार स्वास्थ्यचौकीलाई एम्बुलेन्सको चाबी हस्तान्तरण गरिएको हो । काठमाडौंमा भएको कार्यक्रममा भारतीय राजदूत मञ्जितसिंह पुरीले बगनासकाली गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद बस्याल र स्वास्थ्य शाखा संयोजक मणि अधिकारीलाई संयुक्तरूपमा एम्बुलेन्सको साँचो हस्तान्तरण गरे ।

### आयुर्वेद सेवामा सुदूरपश्चिम उत्कृष्ट

धनगढी । आयुर्वेद सेवा कार्यक्रम सञ्चालनमा सुदूरपश्चिम प्रदेश देशभरमै उत्कृष्ट भएको छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले आयोजना गरेको आर्थिक वर्ष २०७४/७५ को समीक्षा बैठकमा सातवटै प्रदेशमा भएका आयुर्वेद कार्यक्रमहरुको समीक्षा गर्दै कार्य सम्पादनका आधारमा सुदूरपश्चिम प्रदेशलाई उत्कृष्ट प्रदेश घोषणा गरिएको छ ।

विभागले सुदूरपश्चिम प्रदेशले कार्यक्रम उत्कृष्ट ढङ्गले समन्वयात्मक रुपमा कार्य सम्पादन गरेको भन्दै प्रमाणपत्रसहित सम्मान गरेको छ । सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयका आयुर्वेद तथा वैकल्कि चिकित्सा शाखा प्रमुख डा. चेतराज जोशीलाई विभागका महानिर्देशक वासुदेव उपाध्यायले सम्मानपत्र प्रदान गर्नुभएको हो ।

### नगर आकर्षक बनाउने तयारी

भैरहवा । रुपन्देहीको तिलोत्तमा नगरपालिकाले नगर क्षेत्रमा बन्ने घरहरुका लागि कलर कोड निर्धारण गरेको छ । यसअघि छ लेन सडक आसपासमा बन्ने घरहरुका लागि निर्धारण गरिएको कलर कोडलाई नगर कार्यपालिकाको बैठकले सबै क्षेत्रमा कार्यान्वयन गर्ने निर्णय गरेको हो ।

नगरभित्रका सबै भवनमा एक रुपता कायम गरी सहरी सौन्दर्य बढाउन सबै घरमा एउटै रङ लगाउने निर्णय गरिएको नगर प्रमुख वासुदेव घिमिरेले जानकारी दिए । यो निर्णयसँगै नयाँ बन्ने भवनमा अब नगरपालिकाल तोकेको रङ लगाएपछि मात्र नक्सापास हुनेछ ।

नगरपालिकाले तोकेको रङ भवनको बाहिरी भागका लागि मात्र हो । घरभित्रको रङ लगाउन भने घरधनी स्वतन्त्र रहनेछन् । सबै घरमा लगाइने एउटै रङले नगर आकर्षक बनाउने नगरपालिकाले जनाएको छ ।

### सरकारको बजेटप्रति नीति आयोग असन्तुष्ट



जनकपुरधाम । प्रदेश २ मा प्रदेश सरकारको ल्याएको बजेट तथा कार्यक्रम मन्त्री वितरणमुखी भएको नीति आयोगले टिप्पणी गरेको छ । प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत सरकारको कामकाज प्रति पनि नीति आयोग असन्तुष्टि जनाउँदै मन्त्रीमुखी र कार्यकर्तामुखी फुटकर कार्यक्रम नगर्न आग्रह गरेको छ । जनकपुरमा सञ्चारकर्मीसँगको भेटघाटमा प्रदेश २ नीति आयोगका सदस्य डा.सुरेन्द्रकुमार झाले सरकारलाई दीर्घकालीन योजनाका लागि दिएको नीति तथा कार्यक्रम एवं बजेटलाई प्रदेश सरकारका मन्त्रीले वितरणमुखी बनाएर जनतामुखी काम नगरेको आरोप लगाए ।

उनले आयोगको परिकल्पना अनुसार ४९ जना कर्मचारीको आवश्यकता भए पनि हालसम्म एक कार्यालय सहयोगी र एक जना रनर बाहेक कुनै पनि कर्मचारी नरहेकाले नीति आयोगले ठोस काम गर्न नसकेको बताए । अर्का सदस्य राजकुमार लेखीले प्रदेश सरकार र कर्मचारीको असमञ्जस्यताका कारण प्रदेश सरकारको कामकाज अघि बढ्न नसकेको उल्लेख गरे । उनले सरकारमा आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमार यादव र वन, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालयका सचिव विद्यानाथ झाबीच भएको विवादले उग्ररुप लिएपछि सरकारको काममा ह्रास आएको दाबी गरे ।

सदस्य डा. झाले प्रदेश २ सरकारले ३० अर्बको बजेट ल्याए पनि हालसम्म त्यसको १० प्रतिशत काम सरकारले गर्न नसकेको प्रति असन्तुष्टि जनाए ।


संविधान, क़ानून, न्याय र न्यायिक मान्यताको साथ–साथ अपराध अनुसन्धानमा समेत असल नियतको प्रयोग भएन भने देशलाई समृद्ध बनाउन त कता-कता बचाउन समेत गाह्रो हुँदै जान्छ। हामी सबैलाई बुद्धि देउ । **गिरिश चन्द्र लाल**


माघ ५ अर्थात् बलिदानी दिवसले मलाई सबैभन्दा धेरै झकझकाउ छ के सामाजिक न्याय स्थापित भयो ? के विभेदको अन्त्य भयो ? के मानवअधिकार उल्लंघनका सारा घटनाहरुको सम्बोधन भयो ? यि प्रश्नको जवाफ राजनीतिक वृत्तबाट मात्र होईन मूल जरोबाट पनि खोजिनुपर्छ। **मोहना अन्सारी**


प्रदेशले संविधानत पाउनु पर्ने अधिकार दिन केन्द्र सरकारले कन्जुस्याँइ गरिरहेको छ । बरू संघीयताको मर्मवपरित एक पछि अर्को कानुन बनाएर प्रदेशलाई कज्याउने काम हुन थालेको छ। **दीपेन्द्र झा**


जो सँधै मधेशहित र भावना विपरीत उभिए उही मधेशी आयोगको पहिलो अध्यक्ष। कठै हाम्रा उपप्रधानमन्त्री आदरणीय उपेन्द्र ज्यू। दया आयो। अनी आफ्नो सबै थोक फालेर मधेश-मधेशीलाई गाली गर्दै नियुक्तका लागि रेसलिङ्ग भिडेका आदरणीय दाजुहरुप्रति। **बिपी साह**


प्रदेश २ मा प्रादेशिक रंगशाला बनाउने बिषयमा प्रदेशमन्त्री परिषद्को निर्णय विवादमा आएको छ। दशरथ रंगशाला पछिको दोस्रो भनेर गनिने वीरगन्जको नारायणी रंगशाला प्रदेश सकारका कारण छायाँमा पऱ्यो भनेर मुख्यमन्त्री लालबाबु राउत र दास्रो बरियताका मन्त्री जितेन्द्र सोनलको आलोचना बढेको छ। **केसी लामिछाने**


आफुलाई मधेशका अधिकारकर्मी भन्न रूचाउने एक जना मनुवा प्रदेश २ मा राजनीतिक नियुक्ति पाएरै तिरपित छन्। तिनले आफैले खोलेको गैरसरकारी संस्थाका दुई कर्मचारीलाई आफ्नै बारेर भावना लेख्न लगाएर आलेख प्रकाशित गर्न पनि भ्याएछन्। त्यसलाई छाप्ने पनि पत्रकारिता ? **दिनेश यादव**


देश बनाउँछु भनेर चुनिएका सांसद एक-आपसमा लड्दै आरोप प्रत्यारोप गर्दैछन्। लडाई गरेकै भरमा जनताले तिरेको करबाट सेवा सुविधा लिदै छन् । संसदमा बहुमत मान्ने र अल्पमत विपक्षिलाई पनि कदर गर्न सक्नुपर्छ। यो कुनै बलमिचाई गरेर माहाभारतको लडाई गर्ने कुरुक्षेत्र होईन। संसदको मर्यादा राख नालायक हो । **जीवन श्रेष्ठ**


मुख्यमन्त्री लालबाबु भन्छन् सिंहदरबारमा सबै लुटेराहरु छन्। अनि प्रदेश २ सरकारको मधेश भवनमा सबै सत्यवादी राजा हरिश्चन्द्रहरु। जहाँ एनजीओ चक्करमा सचिव कुटे। हालसम्म मोदी भ्रमणको खर्च समेत औपचारिक रुपमा सार्वजनिक गरेनन्। आयोगलाई उल्टै झुटो सूचना दिएर ढाटे। **शैलेन्द्र क्रान्ति**


जति मधेशी दल उदाए यी सबैले जनतालाइ धोका दिइरहेका छन्। मधेशी जनतालाई भर्याङ मात्र बनाएका छन्। सत्ताको लागि जे पनि गर्न तयार छन्। सत्तामा जाँदा केही बोल्दैनन, सत्तामा नहुँदा जनतालाई आन्दोलनमा उर्फाछन्। न उपेन्द्र आफ्नो एजेन्डामा अडिए, न महतो र ठाकुर। यिनिहरुको लागि सत्ता सबै थोक हो। **सम्झना**

## भारतको गणतन्त्र दिवसमा नेपाललाई ३० वटा एम्बुलेन्स हस्तान्तरण




काठमाडौं। काठमाडौँमा भारतीय दूतावासले गणतन्त्र दिवस मनाएको छ। कार्यक्रममा भारतीय राजदूत मन्जिव सिंह पुरीले भारतको राष्ट्रिय झण्डा फहराउनका साथै भारतका राष्ट्रपतिले गणतन्त्र दिवसका अवसरमा जारी गरेको शुभकामना सन्देश वाचन गरेका थिए।

कार्यक्रममा भारत सरकारले भारतीय सेनामा कार्यरत रहँदा विभिन्न घटनामा बीरगति प्राप्त गरेका सैनिकका परिवारलाई सहयोग स्वरुप निर्वाहभत्ता रु ७ करोड २६ लाख नगद उपलब्ध गराइएको थियो। यस्तै दुतावासले नेपालका विभिन्न जिल्लाका अस्पताल, गैरनाफामूलक संस्था तथा शैक्षिक प्रतिष्ठानलाई ३० वटा एम्बुलेन्स तथा छ वटा बस सहयोग गरेको छ।

## आर्थिक समाचार

### ग्लोबल आइएमई बैंक र रिलायबल लाइफबीच सहकार्य

काठमाडौं। ग्लोबल आइएमई बैंक र रिलायबल लाइफ इन्स्योरेन्स कम्पनीबीच बैंकास्योरेन्ससम्बन्धी सहमति भएको छ। सम्झौतापछि ग्लोबल आइएमई बैंकको ग्राहकले सबै शाखा मार्फत रिलायबल लाइफ इन्स्योरेन्स कम्पनीको जीवन बिमा योजना खरिद गर्न सक्नेछन्। सहमतिसँगै जीवन बिमासम्बन्धी सम्पूर्ण सेवा छिटो, छरितो एवं भरपर्दो माध्यमबाट प्राप्त गर्न सकिनेछ। ग्लोबल आइएमई बैंकका कामु प्रमुख कार्यकारी अधिकृत नारायणबाबु लोहनीले हस्ताक्षर गरेका हुन्।

सम्झौतासँग बैंकको ग्राहकले बिमा शुल्क भुक्तानी, बिमालेख खरिद तथा बिमा दाबी भुक्तानीलगायत सुविधा रिलायबल लाइफ इन्स्योरेन्सुबाट सहज रुपमा प्राप्त गर्न सक्नेछन्। त्यसैगरी, इन्स्योरेन्स कम्पनीका विभिन्न बिमालेख नेपाल बैंकका सबै शाखामार्फत उपलब्ध हुनेछ।

### क्यान इन्फोटेक सुरु

काठमाडौं। क्यान इन्फोटेक २०१९ मंगलबारदेखि काठमाडौंको भृकुटीमण्डपमा सुरु भएको छ। २५औं संस्करणको मेलाको सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले उद्घाटन गरेका हुन्।

कम्प्युटर आमनेपालीसम्म पुग्नुपर्ने बताउँदै मन्त्री बाँस्कोटाले सूचना प्रविधि अब कुनै वर्ग, व्यक्तिमा सीमित नराखी सर्वसुलभ रुपमा सबै माझ पुग्नुपर्ने जोड दिए।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघको उपाध्यक्ष उमेशलाल श्रेष्ठले सूचना प्रविधि क्षेत्रमा आबद्ध व्यवसायीले ग्राहकरुलाई सन्तुष्टि दिन सक्नुपर्नेमा जोड दिए।

नेपाल चेम्बर्स अफ कर्मसका उपाध्यक्ष राजेन्द्र मल्ले सूचना प्रविधिको प्रयोग गरी देशको व्यापार घाटा कम गर्न सक्ने सुझाब दिए।

## डा.सीके राउतको गैरकानूनी हिरासतको निन्दा



कतार। विश्वभरी छरिएर रहेका मधेशीहरुको छाता संगठन गैर आवासीय मधेशी संघ (एनआरएमए) कतारको आयोजनामा मधेशी मिलन समारोह सम्पन्न भएको छ। नयाँ वर्ष र माघे सङ्क्रान्तिको अवसरमा एनआरएमए कतारले मधेशी मिलन समारोहसहित वनभोज कार्यक्रम गरेको हो।

उम सलाल अली गार्डेन (रिसोर्ट) कतारमा कार्यक्रमको आयोजित समारोहमा कतारभरी बाट करिब ७०० सयभन्दा बढी मधेशीहरु सहभागी थिए। कार्यक्रमको सुरुमै माघे सङ्क्रान्तिको विशेष तिलको तथा विभिन्न पकवानहरुको व्यवस्था गरिएको थियो।

एनआरएमएका सह-सचिव दिवाकर कुमार झा र प्रवक्ता चन्द्रबीर कुमार यादवले सञ्चालन गरेको कार्यक्रमको सुरुमा मधेशको राष्ट्रिय गान बजाइएको थियो। राम जनाम शर्माले मधेशको राष्ट्रिय गान गाएपछि सहीदप्रति श्रद्धाञ्जली दिइएको थियो। कार्यक्रममा रामजन्म शर्मा, सुनिल अमात राय, सुनिल यादव, पन्चलाल मधेशी, संजित दास, अमिरीबाबु साह, धिरेन्द्र राम, बिद्यानन्द यादव, धर्मेन्द्र महतो, मोहमद अस्गार अली, गौतम शर्मा, राम सुबन यादव, जगत लाल मंडल, किर्ति मुखिया, शिव कुमार पाल, राम नन्दन गुप्त, बिरेन्द्र गोइत, सुरेन्द्र नारायण यादव, मोहरम नदाफ, श्याम सुन्दर साह , जाबिर नदाफ, बिरेन्द्र साह र सुरेश कुमार मंडलले आफ्नो मन्तव्य राखेका थिए।

मधेशको समस्या समाधानको लागि र राजनीतिक, आर्थिक, समाजिक बिषयमा विचारविमर्श भएको थियो। अधिकांश वक्ताहरुले डा.सीके राउतको गैरकानूनी हिरासतको निन्दा गर्दै मधेश स्वराज आन्दोलनका शाहिद राम मनोहर यादवको हत्याको छानबिन गर्न माग गरेका थिए। कार्यक्रममा एनआरएमएको क्यालेन्डर पनि बितरण गरिएको थियो। चित्रकला, म्यूजिकल चेयर प्रतिस्पर्धामा भाग लिएकाहरुले मध्ये साहिल गुप्ता, साधना ठाकुर, नित्यान्त यादव र आरोही ठाकुर विजयी भएका थिए।

त्यसपछि आयोजित सांस्कृतिक कार्यक्रममा इन्द्रजित मंडल, सिवनाथ मंडल, सोभित मंडल, बिनोद मंडल, बिबेक राउत, सुन्दर पंडितले गायन प्रस्तुत गरेका थिए। अस्मिता शाह र निहारिका रायले नृत्य प्रस्तुत गरे।

कतार छोडेर मधेश जान लागेका एनआरएमए कतारका केन्द्रिय सदस्य र अबुनाख्ला एरिया अध्यक्ष सुनिल राय अमात र ग्रान्ड मलको सद्दाम हुस्सैनलाई प्रमाण पत्र प्रदान गरी बिदाई गरिएको थियो। कार्यक्रमका लागि एनआरएमए कतारका अध्यक्ष ई शम्भुनाथ साह, उपाध्यक्ष शिव कुमार पाल, महासचिव जितेन्द्र कुमार महतो, सचिव दिवाकर कुमार झा, कोषाध्यक्ष रामनन्दन गुप्ता, सदस्य गौतम शर्मा र सुरेन्द्र साहले विशेष योगदान दिएका थिए। जगतलाल मंडल, बिद्यानान्द यादव, अमिरी बाबु साह, धर्मेन्द्र महतो र कतारका गैर आवासीय मधेशीहरुले सहयोग गरेको एनआरएमए कतारका अध्यक्ष साहले बताए।

## बीमाका लागि सम्झौता



जनकपुरधाम। प्रदेश सरकारले बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत सञ्चालनमा ल्याएको बेटी शिक्षा बीमाको लागि प्रदेश सरकार र प्रभु बैंकबीच सम्झौता भएको छ।

माघ १ गते देखि जन्मिएको छोरीलाई प्रदेश सरकारले एक लाखको शिक्षा बीमा गरि दिने घोषणा गरे अनुरुप भएको उक्त सम्झौता पत्र मुख्यमन्त्री लालबाबु राउतलाई हस्तान्तरण गरिएको हो। सम्झौता पत्रमा प्रदेश सरकारको तर्फबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव हरिप्रसाद फुयाल र प्रभु बैकका तर्फबाट सहायक महाप्रबन्धक अशोक खडगीले हस्ताक्षर गरेका छन्।

प्रदेश सरकार र बैंकबीच भएको सम्झौता अनुरुप लागू भएको पालिकाहरुका नवजात छोरी शिशुको अभिभावकले ६ महिना भित्र आवश्यक कागजातसहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन दिनु पर्ने छ। मुद्दती खाता मार्फत गरिने उक्त बीमाको रकम २० वर्ष पछि सेवा सेवाग्राहीले एकमुष्ट एक लाख रकम प्राप्त गर्ने छ।

## महात्मा गान्धी विश्वकै महान् नेता



काठमाडौँ। भारतको भूगोलमा जन्म भए पनि शान्ति, अहिंसा र मानवताका पक्षमा निडर भए कै कारण महात्मा गान्धी विश्वकै महान् राजनेताका रुपमा स्थापित हुनुभएको चर्चा गरिएको छ।

महात्मा गान्धी स्मृति दिवसका अवसरमा काठमाडौँमा भारतीय दूतावास र डिल्लीरमण-कल्यायणी रेग्मी स्मृति पुस्तकालय विकास समितिले आयोजना गरेको गान्धी : शान्ति, अहिंसा र मानवता विषयक कार्यक्रममा सहभागी वक्ताले गान्धी शान्ति र अहिंसाका पूराजी भएको बताए। सो अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले गान्धीको सत्यप्रतिको निष्ठा, अहिंसा र मानवता नै मानवजातिलाई शान्ति प्रदान गर्ने एक मात्र असल मार्ग भएको उल्लेख गरे। पूर्वमन्त्री गणेश शाहले समाजलाई समृद्ध तुल्याउन सबैभन्दा ठूलो अस्त्र भनेको शान्ति र अहिंसा नै भएको बताए। पूर्वराजदूत एवं प्राध्यापक जयराज आचार्यले अहिंसा, स्वतन्त्रता, सत्याग्रह, सादाजीवन र छुवाछुद विरुद्ध गान्धीले गरेको योगदानको विश्व समुदायबाट मुक्त कण्ठले प्रशंसा हुने गरेको उल्लेख गरे। नेपालका लागि भारतीय राजदूत मन्जिभसिह पुरीले भारतको स्वतन्त्रताका लागि गान्धीले अघि सारेको अडान र बाटो आधुनिक विश्वले पनि मुक्त कण्ठले प्रशंसा र अनुशरण गर्दै आएको धारणा व्यक्त गरे।

## संघीय सरकार विरुद्ध संघर्ष गर्ने राउतको चेतावनी



काठमाडौं। प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले संघीय सरकारले ल्याएको प्रहरीसम्बन्धी विल र आन्तरिक सुरक्षासम्बन्धी विधेयक संविधान र संघीयताविरोधी भएकोले यसलाई तत्काल फिर्ता गर्नुपर्ने बताएका छन्। उनले भने,'यो विधेयक फिर्ता गरिएन भने प्रदेश सरकार यसको लागि सडकमा पनि संघर्ष गर्छ। कन्स्टीच्यूसनल बेन्चमा पनि मुद्दा हालेर अगाडि बढ्छ।'

शनिबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको विशेष साक्षात्कारमा बोल्दै उनले भने,'यी दुवै विधेयकसंघीयता र संविधान विरोधी छन्।'

प्रहरी परिचालनदेखि लिएर शान्ति सुरक्षाको जम्मै अधिकार एउटा प्रमुख जिल्ला अधिकारीलाई दिने व्यवस्था यी दई विद्येयकमा गरिएकोप्रति कडा आपत्ति जनाउँदै मुख्यमन्त्री राउतले भने,'अब विकास निर्माणको विभिन्न किसिमका हुने अनियमितताको सन्दर्भमा पनि उनले नै छानबिन गर्ने। भनेपछि प्रदेश सरकार गर्ने ?'

राउतले थपे,' प्रदेश २ को सरकारले प्रदेश प्रहरी ऐन यो संविधानअनुसार ल्याईसकेको छ। र, प्रदेश प्रहरी गठन भइसकेपछि त्यसलाई समन्वयको कुरा, सञ्चालनको काम गर्नेचाहीँ अब ऐन, संघीय ऐनमा त्यस किसिमको व्यवस्था हुनुपर्दथ्यो। र, यहाँसम्म यस्तो लागिरहेको छ, मानौं की प्रदेशभित्र एउटा संघीय सरकार समानान्तर शासन सञ्चालन गर्ने एउटा मेकानिङ पोलार खडा गर्ने संघीय सरकारको नीति रहेछ।'प्रदेशमा एउटा समानान्तर सत्ता सञ्चालन गर्ने र प्रदेशलाई एउटा विकासको युनिट बनाउने यदि संघीय सरकारको नीति रहेको छ भने यो प्रदेशको लागि कुनैपनि हालतमा स्वीकार्य नहुने मुख्यमन्त्री राउतले चेतावनी दिए। उनले भने,'संघीयतालाई समाप्त गर्ने, संविधानको मनोभावना विपरित भएर यी दुई वटा विल ल्याईएको छ। यो प्रदेशको लागि कदापी स्वीकार्य हुन सक्दैन्। र, यसले संघ र प्रदेशभित्र द्वन्द्व फैलाउँछ।'

## वीरगन्जमा पनि मनाइयो गणतन्त्र दिवस



नेहाल खान, विरगन्ज। भारतीय महावाणिज्य दूतावास विरगन्जले ७० औं गणतन्त्र दिवस एक समारोहका बिच सम्पन्न गरेको छ। प्रत्येक वर्ष मनाउने गणतन्त्र दिवस यस वर्ष पनि मनाइएको छ। दूतावासको आफ्नै प्राङ्गनमा ७०औं गणतन्त्र दिवस नेपाल र भारत दुबै देशका संस्कृति झल्किने गरी नृत्यहरु प्रस्तुत गरी कार्यक्रम गरेर मनाइयो। कार्यक्रममा भारतीय महावाणिज्य दूतावास वीरगञ्जका महावाणिज्यदूत बि.सि. प्रधानले भारतका राष्ट्रपति रामनाथ गोविन्दले भारतबासीको नाममा दिएको सन्देश पढेर सुनाएका थिए। ७०औं गणतन्त्र दिवसको अवसरमा विभिन्न संघ संस्थाहरुलाई बस तथा एम्बुलेस पनि प्रदान गरिएको छ।

## पत्रकार चौधरी सम्मानित

कोलकत्ता। साहित्यकार एवं पत्रकार हिमांशु चौधरीलाई मिथिलाको सांस्कृतिक, सामाजिक र साहित्यिक विकासमा पुऱ्याएको योगदानको कदरस्वरूप मैथिली प्रतिबद्धता सम्मान प्रदान गरिएको छ।

मैथिली अनुरागी हरिशचन्द्र मिश्र 'मिथिलेन्दु'को स्मृतिमा कामरेड भोगेन्द्र झा मैथिली प्रतिबद्धता सम्मान मिथिला विकास परिषद् कोलकाताद्वारा प्रदान गरिएको हो। परिषदद्वारा कोलकाताको तारा सुन्दरी पार्कमा बुधबार आयोजित मिथिला विभूति महोत्सवमा पूर्व विधायक दिनेश बजाजले साहित्यकार चौधरीलाई सो सम्मानबाट सम्मानित गर्नुभयो। साहित्यकार चौधरी राष्ट्रिय समाचार समिति प्रदेश नं २ जनकपुरधामको प्रमुख छन्।

## जेनिथ कलेजको उडिसामा भव्य प्रस्तुती



विराटनगर। जेनिथ इन्टरनेशनल कलेज विराटनगरले भारतको उडिसा राज्यको भुवनेश्वरीमा आयोजित तीन दिने 'कल्चर फेस्ट' मा सहभागिता जनाएको छ। गत जनवरी १८ देखि २० सम्म श्रीश्री रवीशंकर विश्वविद्यालयको आयोजनामा भएको पाँचौं 'वरियन कल्चर फेस्ट' मा जेनिथ कलेजका ७ जना विद्यार्थी सहभागि भएका थिए। उनीहरुले विजनेस सेमीनार , टक शो, प्रशिक्षण, कल्चर र खेलकुद लगायतको प्रतियोगितामा सहभागिता जनाएको क्याम्पस प्रमुख सन्दिपदास श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा कलेजका विद्यार्थी विभिन्न प्रतियोगिताको फाईनल सम्म पुग्न सफल भएका थिए।

वीशंकर विश्वविद्यालयको निमन्त्रणामा जेनिथ कलेज पहिलो पटक वरियन कल्चर फेस्टमा सहभागि भएको क्याम्पस प्रमुख श्रेष्ठले बताउनुभयो। प्रतियोगितामा भारतका विभिन्न राज्यका कलउहाँका अनुसार विद्यार्थीले नेपाली गित संगितमा नेपाली भेषभुसामा सजिएर भव्य प्रस्तुती दिएका थिए।




## नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रम संचालन हुने

विराटनगर। मोरङमा आगामी फागुनदेखि नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन हुने भएको छ। नेपाल सरकारले सबै नागरिकलाई आधारभूत स्वास्थ्यसेवा नि:शुल्क पुऱ्याउने उद्देश्यले स्वास्थ्य बिमा कार्यक्रम फागुनदेखि सुरु हुने भएको हो। बिमा तयारीको बारेमा विराटनगर महानगरपालिकामा आयोजित अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य बिमा सञ्चालन बारे जानकारी गराइएको थियो। त्यसका लागि विराटनगर महानगर पालिकासहित १७ वटै स्थानीय तहमा तयारी सुरु गरिएको छ। बिमा गर्दा ५ जनाको परिवारले वार्षिक २ दुई ५ सय र त्योभन्दा बढी परिवार संख्या भएमा त्यसमा ४ सय ५ रुपैयाँ थप गर्नुपर्ने हुन्छ। १७ वटै स्थानीय तहका प्रत्येक वडामा खटिएका एक-एकजना बिमा दर्ता सदस्यहरुले सहभागी सदस्यहरुको नाम दर्ता गर्नेछन्। विराटनगर महानगर पालिकाका प्रमुख भीम पराजुलीले बिमा कार्यक्रम अत्यन्त प्रभावकारी भएकाले स्थानीयस्तर सम्मै प्रचारप्रसार आवश्यक रहेको बतए। उनले कार्यक्रमलाई प्रभावकारी बनाउन महानगरपालिकाको सक्दो सहयोग रहनेसमेत उल्लेख गरे।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं